नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# विकेन्द्रीकरण उप समितिको प्रतिवेदन
# २०३८ खण्ड २

पेज नं ३८ देखि ७३ पेज सम्म

(ख) श्री ५ को सरकारले दिने अनुदान स्थानीय रूपले माथि (क)मा उल्लिखित बमोजिमको आय स्रोतमा वृद्धि गर्न अग्रसर हुनुपर्ने तरीकाले प्रदान गर्ने नीति लिइनु उचित हुनेछ । यसको साथै नगरको जनसंख्यालाई पनि एउटा आधारको रूपमा लिइनु आवश्यक छ ।

(ग) उपरोक्त बमोजिमको स्रोत तथा साधन बाहेक नगर पञ्चायतहरूलाई कुनै महत्वपूर्ण आयोजना सञ्चालन गर्न विशेष अनुदान वा कर दस्तूरसम्बन्धी अधिकार वा अन्य साधनको स्रोतको आवश्यकता पर्दछ । तर यसलाई, प्रदान गर्दा तिनीहरूले यसबाट कार्यान्वियन गर्ने विकास कार्यक्रमसित आवद्ध गरेर मात्र प्रदान गरिनेछ । यसरी आदान प्रदान गरिएको साधनबाट सञ्चालित कार्यक्रमहरूको सम्बन्धित नगर पञ्चायतसित बसी आवधिक समीक्षा तथा मूल्याङ्कन गरिने छ । यसैका आधारमा भविष्यमा दिइने अनुदान तथा साधनको स्रोतको परिमाण पनि निर्देशित हुनु आवश्यक छ ।

(घ) नगर पञ्चायतहरूमा सरकारी लेखा अधिकृत हुनुपर्ने : यस बढ्दो जिम्मेदारी तथा कार्यक्रम अन्तरगत खर्च गरिने साधनको नियमबद्ध तथा व्यवस्थित लेखा राख्ना निम्ति जिल्ला पञ्चायतहरूमा जस्तै नगर पञ्चायतहरूमा पनि श्री ५ को सरकारले सरकारी लेखा अधिकृतको नियुक्ति गर्नुपर्दछ ।

(ङ) नगर पञ्चायतको लेखापरीक्षण हुनुपर्ने : माथि गाउँ पञ्चायतको सम्बन्धमा सिफारिश गरिएबमोजिम नगर पञ्चायतको पनि समय समयमा लेखापरीक्षण गर्नु आवश्यक पर्ने छ । यसको निमित्त तल जिल्लास्तरीय व्यवस्था अन्तरगत सिफारिश गरिएको छ ।

## जिल्लास्तरीय व्यवस्था

माथि ठाउँ ठाउँमा उल्लेख गरेबमोजिम गाउँ र नगरस्तर नै विकेन्द्रीकरणको प्रमुखस्तर हुनेछ । सोभन्दा माथिकास्तरहरूले त्यसस्तरमा प्रभावकारी विकेन्द्रीकरण साकार पार्न आवश्यक टेवा दिने किसिमको भूमिका खेल्नु आवश्यक छ ।

यस प्रकारको दृष्टिकोणअनुसार जिल्लास्तरलाई निम्नबमोजिमको भूमिका प्रस्ताव गरिएको छ ।

१. **जिल्लास्तरीय योजनाको स्तरीय परिभाषा स्पष्ट हुनुपर्ने**

गाउँ पञ्चायतस्तरीय योजनाहरूप्रति आवश्यक टेवा पुर्‍याउना निम्ति जिल्लास्तरको योजना त्यहीअनुरूप तर्जुमा गरिनु आवश्यक छ । तसर्थ जिल्लास्तरीय योजना तर्जुमा गर्दा गाउँस्तरमा सञ्चालन हुने योजनाहरूको निम्ति चाहिने भौतिक, प्राविधिक तथा वित्तीय साधनहरूको साथै गाउँस्तरको योजनालाई टेवा दिने खालका अन्तर-गाउँ पञ्चायतस्तर वा जिल्लास्तरमा सञ्चालन गरिनु पर्ने आयोजनाहरू समेतको व्यवस्था गरी तर्जुमा गरिने छ । साथै यस प्रकारको योजनाको तर्जुमा गाउँस्तरको योजनाहरूको परिप्रेक्ष्यमा तर्जुमा गरिनुपर्ने हुनाले सबै जिल्लास्तरीय योजना जिल्लामा नै तर्जुमा हुने व्यवस्था हुनु नितान्त आवश्यक छ । यसको निमित्त केन्द्रीयस्तरबाट आवश्यक नीति तथा तरीका तर्जुमा गरी जिल्लालाई निर्देशन दिनु पर्नेछ । यस प्रयोजनको निम्ति जिल्लास्तरीय योजनाको परिभाषा गर्दा त्यस्ता सबै योजना यसस्तर अन्तरगत पर्नु आवश्यक छ, जसको प्रतिफल प्राप्त गर्ने उपभोक्ताहरू उक्त जिल्लामा नै सीमित छन् । यस परिभाषा बमोजिम जिल्लाको कृषि प्रसार कार्यक्रम, स्थानीय विकास कार्यक्रम, जिल्ला अस्पताल, साना जल विद्युत योजना सबै जिल्लास्तरीय योजना अन्तरगत पर्दछन् भने सानै भएपनि देशको अन्य जिल्लाको समेत उपयोगमा आउने कृषि अनुसन्धान फाराम, ठूला जल विद्युत योजना, राष्ट्रिय सडक, अञ्चल अस्पताल आदि जिल्लास्तरीय योजना अन्तरगत पर्दैनन् । जिल्लास्तरीय योजनाहरू आपसमा परिपूरक तरीकाले तर्जुमा गरी एकीकृत जिल्ला विकास योजनाको रूपमा प्रस्तुत गरिने छ । विभिन्न विदेशी निकायको सहायताबाट सञ्चालित परियोजनाहरू पनि यही जिल्ला विकास योजनाको माध्यमबाट मात्र सञ्चालित हुनुपर्दछ ।

जिल्ला विकास योजना भित्र पर्ने सम्पूर्ण जिल्लास्तरीय आयोजनाहरूको स्वीकृति जिल्लासभाले मात्र दिन सक्नेछ । बाहिरबाट कुनै पनि आयोजना विशेषलाई तोकेर साधन विनियोजन गर्नु हुँदैन ।

२. **जिल्लास्तरको योजना तर्जुमा गाउँस्तरको योजना तर्जुमामा आधारित हुनुपर्ने**

माथि गाउँस्तरमा उल्लेख भएबमोजिम जिल्लास्तरको योजना तर्जुमा हुनु भन्दा पहिले सेवा केन्द्रको सहयोगमा गाउँस्तरको गाउँ विकास योजनाहरू तर्जुमा गरिने छन् । त्यसैको आधारमा जिल्लास्तरमा प्रत्येक जिल्लास्तरीय निकायले आ-आफ्नो विषयको योजना तर्जुमा गरी जिल्ला पञ्चायतको संयोजकत्वमा आपसी समन्वय गरी एउटा स्वीकृत जिल्ला विकास योजना तर्जुमा गर्नेछ । गाउँ र जिल्लास्तरमा कुन वर्ष कति साधन उपलब्ध हुनेछ भन्ने बारेमा राष्ट्रिय योजना आयोगको संयोजकत्वमा सबै निकायहरूले पहिले नै जानकारी जिल्लास्तरलाई र जिल्लास्तरले पनि आवश्यक विश्लेषण गरी गाउँस्तरलाई उपलब्ध गराई सक्नेछ । जिल्ला र गाउँको प्राथमिकताअनुसार बाहिरबाट साधन उपलब्ध हुने हुनाले यसै परिप्रेक्षमा गाउँ तथा जिल्लास्तरले पनि स्थानीय साधनको अधिकतम परिचालन गर्नु आवश्यक छ ।

३. **गाउँ पञ्चायतहरूको योजनाको निम्ति साधन विनियोजन गर्ने आधारहरू**

जिल्लास्तरमा आन्तरिक वा बाह्य स्रोतबाट प्राप्त हुने साधन जिल्लाको लागि आवश्यक परिमाण भन्दा कम हुने हुनाले यसरी प्राप्त साधनलाई विनियोजित गर्दा निम्न लिखित आधारहरू अपनाउनु वान्छनीय हुनेछ :

(क) सबै पञ्चायतहरूमा प्रत्येक वर्ष कम्तीमा एउटा आयोजना सञ्चालन हुने गरी साधनको वितरण गर्ने, तर यसको अर्थ वित्तीय साधनको बराबर वितरण गर्ने नभै छानिएको योजनाको निम्ति आवश्यक परिमाणमा साधनको विनियोजन गर्नुहुनेछ ।

(ख) आयोजना छान्दा बहुजन हितायको सिद्धान्तलाई अँगाल्ने छ । जहाँ एकै लगानीबाट बढी जनसंख्या लाभान्वित हुन्छ त्यस ठाउँले प्राथमिकता पाउनु पर्दछ ।

(ग) कुनै कुनै उद्देश्य हासिल गर्नलाई (जस्तै कृषि उत्पादन बढाउन) विकासका धेरै तत्वहरू (जस्तै कृषि तालिम, कृषि सामग्री, ऋण, सिंचाइ, भण्डार आदि) एकै ठाउँमा जानु आवश्यक छ । तसर्थ न्यायोचित वितरणको नाउँमा यो प्याकेजलाई बिग्रिन दिन हुँदैन ।

(घ) विभिन्न पञ्चायतहरूको योजना कार्यान्वियनको क्षेत्रमा उपलब्धिहरू फरक फरक हुन्छ । त्यसले पञ्चायतहरू बीच योजना सञ्चालनमा आपसमा प्रतिस्पर्धाको भावना जगाउन निम्ति आयोजना कार्यान्वयनको उपलब्धिलाई पनि एउटा आधार मानिने छ । अर्थात योजना सम्पन्न नभएको गाउँ पञ्चायतमा थप योजना दिइने छैन ।

४. जिल्लामा एउटा समन्वयात्मक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता धेरै वर्षदेखि अनुभव गर्दै आएको हो तापनि श्री ५ को सरकारको विभिन्न समानस्तरको मन्त्रालयका प्रतिनिधिहरू बीच यो व्यवस्था कायम हुन सकेन । अर्कोतिर, समन्वयको आवश्यकता योजना तर्जुमाको निम्ति पर्ने र योजना तर्जुमा भनेको साधन विनियोजनको यन्त्र भएको हुनाले यस साधन विनियोजनमा जनता पक्षको प्राथमिकता राम्रो प्रतिबिम्बित हुनु पर्ने भएकोले जिल्ला पञ्चायत सभापतिलाई जिल्लास्तरीय समन्वयकर्ताको अधिकार प्रदान हुन आवश्यक छ । समन्वयको व्यावसायिक पक्षमा जिल्ला पञ्चायत सभापतिलाई स्थानीय विकास अधिकृतले मदत गर्नेछ ।

५. **जिल्लासभाले जिल्ला विकास योजना स्वीकृति दिने**

जिल्ला विकास योजना छलफल गरी तयार गर्ने जिम्मेदारी जिल्ला पञ्चायतको हुन्छ भने उक्त योजनालाई स्वीकृति जिल्ला पञ्चायत ऐन अन्तरगत जिल्लासभाले मात्र प्रदान गर्न सक्दछ ।

६. **जिल्लासभा बोलाउन नसकिने अवस्थामा वैकल्पिक व्यवस्था**

जिल्लास्तरमा जि.पं. वा जिल्लासभाको बैठक कुनै राजनीतिकरणले एक वर्षसम्म पनि हुन नसकी योजना स्वीकृति र सञ्चालन हुन बाधा पर्ने भएकोमा प्रमुख जिल्ला अधिकारीले आफ्नो अध्यक्षतामा स्थानीय विकास अधिकारी, तथा जिल्लास्तरीय विकास आयोजनाको प्रमुखहरूको बैठक गरी प्र.जि.अ.ले जिल्लासभाको बैठक बोलाउन सक्ने छ । यसरी बोलाएपछि जिल्लासभा समाप्त नभएसम्मको लागि जिल्ला

पञ्चायत निलम्बित भएको मानिने छ । यस्तो जिल्लासभाको बैठकको सभापतित्व सो सभाबाट छानिएको सदस्यले गर्नेछ ।

७. **जिल्ला विकास योजनाको समीक्षा जि.पं.ले गर्नुपर्ने**

जिल्ला विकास योजना कार्यान्वयन भै सकेपछि त्यसको चौमासिक समीक्षा जिल्ला पञ्चायतले गर्नेछ । त्यसको आधारमा प्रगतिलाई अझ तीव्र पार्न जि.पं.ले सम्बन्धित निकायहरूलाई निर्देशन दिनु आवश्यक छ ।

८. **जिल्ला विकाससित सम्बन्धित जिल्लास्तरीय निकायहरू जि.पं. सचिवालयको शाखाको रूपमा रहनु पर्ने**

जिल्लामा जि.पं.को नेतृत्वमा उपरोक्तबमोजिम जिल्ला विकास योजना तर्जुमा र सञ्चालन गर्न सम्भव तुल्याउन जिल्लास्तरीय कार्यक्रमहरूसित सम्बन्धित सबै निकायहरू जिल्ला पञ्चायत सचिवालयको शाखाको रूपमा राखिने छ ।

शाखा प्रमुखको काज, छुट्टी वा अन्य कारणले जिल्लाबाट अनुपस्थित हुना निम्ति जि.पं., जिल्ला सभापति वा निजबाट अधिकार प्राप्त गरी स्थानीय विकास अधिकारीबाट स्वीकृति प्राप्त गर्नु आवश्यक छ ।

९. **जिल्ला पञ्चायत सभापतिको पारिश्रमिक वृद्धि हुनु पर्ने**

यस प्रस्तावित व्यवस्थाबमोजिम कार्य सञ्चालन हुँदा जि.पं. सभापतिले अहिले भन्दा निकै बढी समय जि.पं. सचिवालयमा बिताउनु पर्ने भएको हुनाले निजको मासिक पारिश्रमिक पनि बृद्धि गर्नको निम्ति सिफारिश गरिएको छ ।

१०. **योजना सञ्चालनमा सम्पूर्ण जिम्मेदारी आयोजना प्रमुखको हुने**

जिल्लासभाबाट जिल्ला विकास योजना स्वीकृत भैसकेपछि त्यसको कार्यान्वयनको सम्पूर्ण अभिभारा उक्त कार्यक्रमसित सम्बन्धित निकाय प्रमुखको नै हुनेछ । यसमा कुनै पनि स्रोतबाट हस्तक्षेप हुने छैन । तथा त्यसलाई आश्रय दिइनु हुँदैन । गाउँस्तरमा गरिनुपर्ने निर्माणसम्बन्धी कार्यको निम्ति पनि पञ्चहरूलाई अनुदान नगद पेश्की दिने प्रथा बन्द गरिनु आवश्यक छ । सम्भव भएसम्म यस प्रकारको अनुदान स्थानीय रूपले नपाइने विकास सामग्रीहरूकै रूपमा दिइने छ ।

अनुदान दिंदा सम्बन्धित गाउँ पञ्चायतको सिफारिशमा माथि उल्लेख गरिएको आयोजनासित सम्बन्धित उपभोक्ता समितिको अधिकार प्राप्त सदस्य वा सदस्यहरूलाई दिइने छ । कार्य सञ्चालनको आधारमा दिइने थप किस्ताहरू पनि यही प्रक्रिया बमोजिम दिइनु आवश्यक छ । योजनाको सञ्चालन उपभोक्ता समितिले स्थानीय अवस्था हेरी अमानत, ठेक्का आदिद्वारा गर्न सकिने छ ।

११. **जिल्लालाई दिइने आर्थिक स्रोत योजनामा आधारित गरिनु पर्ने**

जिल्लाहरूलाई कुनै विकास योजना नभै साधन उपलब्ध गराउँदा साधनको प्रयोग नभै त्यसै रहने वा साधनको दुरूपयोग समेत हुन सक्ने भएको हुनाले तिनीहरूलाई जिल्ला विकास योजनाको परिपेक्ष्यमा मात्र आवश्यक साधन उपलब्ध गराउनु आवश्यक छ ।

यस विषयमा निरन्तर रूपले अध्ययन गरी नीति तर्जुमा तथा कार्यान्वयन गर्ने काम पञ्चायत मन्त्रालयमा माथि सिफारिश गरिएको स्थानीय साधन शाखाले गर्नु पर्दछ ।

१२. **जिल्ला विकास योजनामा साधनको एकीकरण गरिने**

जिल्लामा सञ्चालन हुने विकास आयोजनाहरूको निम्ति केन्द्रबाट मात्र साधन उपलब्ध हुने नभै जिल्लासभा कोषले आफ्नै स्रोतहरूबाट परिचालित साधन पनि प्राप्त हुन सक्दछ । त्यसैले जिल्ला विकास योजना तर्जुमा गर्दा या दुवै साधनलाई प्रयोगमा ल्याइने छ । साथै उक्त दुवै साधन प्रयोग हुने सम्पूर्ण जिल्ला विकास योजना सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित शाखा वा निकायहरूको हुनेछ । तर यसरी लगानीको वृद्धि हुनुको कारणबाट बढन गएको जिल्ला विकास योजनाको अंशलाई सञ्चालन गर्न जनशक्ति नपुग भएमा उक्त जिल्लासभा कोषबाट नै स्थानीय रूपले थप कर्मचारीहरू नियुक्त गर्न सकिने छ ।

१३. **खर्चको लेखापरीक्षण गर्ने**

गाउँस्तर, नगरस्तर र जिल्लास्तरको लेखापरीक्षण जिल्लास्तरमा कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तरगत वा महालेखापरीक्षकको एउटा छुट्टै निकाय स्थापना गरिनु आवश्यक छ । यसरी गरिएको लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित सभामा पेश भै छलफल गरिनेछ । सम्बन्धित सभाको निर्णयबमोजिम असूल उपर गर्नुपर्ने रकम भए प्र.जि.अ.बा निज मातहतको निकायबाट गरिनु आवश्यक छ ।

**अञ्चलस्तरीय व्यवस्था**

(क) जिल्लास्तरमा उपरोक्त बमोजिमको व्यवस्था सम्भव र प्रभावकारी तुल्याउन अञ्चलस्तरको टेवा अत्यन्त महत्वपूर्ण हुन आउँदछ । तसर्थ अञ्चलस्तरमा निम्न लिखित बमोजिमको व्यवस्था हुनु आवश्यक छ ।

(१) अञ्चलको अञ्चलाधीशलाई अञ्चलका जिल्लाहरूको विकास प्रकियामा बढी मात्रामा संलग्न गरिनु पर्दछ । तसर्थ अञ्चलाधीश कार्यालयमा सह-अञ्चलाधीश (विकास) भन्ने शब्द सृजना गरी निजको माध्यमबाट अञ्चल अन्तरगतको प्रत्येक जिल्लामा माथिको व्यवस्थाबमोजिम योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको प्रकिया सुचारु रूपले सञ्चालन गर्ने टेवा पुऱ्याउनु पर्दछ ।

(२) अञ्चलाधीश कार्यालयले प्रत्येक चौमासिकको अन्त्यमा जिल्लामा भएको योजना प्रगतिको सामूहिक रूपले समीक्षा गर्ने व्यवस्था हुनु आवश्यक छ । उक्त समीक्षामा जिल्ला पञ्चायत सभापति, प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकृतले भाग लिने व्यवस्था हुनुपर्दछ

(३) अञ्चलस्तरमा जिल्लास्तरीय विकास कार्यक्रमहरूको एउटा समीक्षालयको व्यवस्था गरिनु आवश्यक छ ।

(४) जिल्लाको निम्ति आवश्यक विकास सामग्रीहरूको व्यवस्थामा अञ्चलाधीशको कार्यालयबाट टेवा पुऱ्याउनु आवश्यक छ ।

(५) जिल्लास्तरमा प्रस्ताव गरिएको व्यवस्थामा हालसम्म अलग रहेका सरकारी निकायहरू तथा जिल्ला पञ्चायतलाई जिल्लाको विकासको निम्ति एउटै संगठन भित्र ल्याउने प्रयत्न गरिएको छ । तर यस नौलो व्यवस्थामा जिल्ला पञ्चायत, यसका सदस्यहरू तथा सम्बन्धित निकायका कर्मचारीहरू बीच आपसी भूमिकाको र स्पष्टताको कमीको कारण समय समयमा कठिनाई उत्पन्न हुन सक्नेछ । यस्तो अवस्थामा अञ्चलाधीश कार्यालयले आपसी समझदारी बढाउने कदम चाल्नु आवश्यक छ ।

(६) जिल्लामा उपरोक्त बमोजिमको टेवा पुऱ्याउन अञ्चलको अञ्चलाधीश र सह-अञ्चलाधीशलाई जिल्ला विकास प्रक्रियासम्बन्धी तालिम तथा गोष्ठीहरू आयोजना गरी सम्मिलित गराउनु पर्दछ ।

(ख) नेपालमा अञ्चलहरूको विभाजन भएको २ दशक भैसेको छ । सो अवधिमा नेपालमा हवाई र स्थलगत यातायातको निकैनै विकास भैसकेको हुनाले कुनै कुनै अञ्चलहरू बनावटमा आज केही परिवर्तन गरिनुपर्ने आवश्यकता स्पष्ट रूपले देखिएको छ । उदाहरणको निम्ति, जनकपुर अञ्चलको सदरमुकामबाट दोलखा जिल्लामा जान धनुषाबाट भन्दा सरल तरीकाले काठमाडौंबाट पुग्न सकिने भएको छ । यसैगरी जिल्लाहरूको सम्बन्धमा पनि उपरोक्त बमोजिम सेवा केन्द्रमा आधारित गरी विकास कार्यक्रम सञ्चालन गर्ना निम्ति जिल्लाको भौगोलिक बनावट तथा परिमाण महत्वपूर्ण हुन आउँछ । कुनै कुनै जिल्लाको हकमा त्यस भेकको बढ्दो यातायातको सुविधाको कारणले यिनीहरूको बनावटमा पनि परिवर्तन आउनु पर्ने देखिएको छ । उक्त परिप्रेक्षमा अहिले अञ्चल तथा जिल्लाहरूको बनावटलाई केही लचिलो दृष्टिकोणले हेरी सोअनुसार सामयिक परिवर्तन गर्नु पर्ने आवश्यक देखिएको छ । तसर्थ विकास तथा प्रशासनको वर्तमान सन्दर्भमा आवश्यक विचार गरी अञ्चल तथा जिल्लाहरूको संगठनमा परिवर्तन गर्ने एउटा आयोगको गठन हुनु पनि आवश्यक देखिएको छ ।

### क्षेत्रीयस्तर

जिल्लास्तरलाई आवश्यक भौतिक प्रशासनिक तथा सुपरिवेक्षणात्मक टेवा अधिकांश रूपले अञ्चलस्तरबाट पुऱ्याउनु पर्ने भएतापनि केही क्षेत्रमा विकास क्षेत्रस्तरीय भूमिका पनि महत्वपूर्ण छ जुन निम्नलिखित बमोजिम हुनु आवश्यक छ :

(१) राष्ट्रियस्तरमा साधनको विभाजनमा क्षेत्रीय सन्तुलनको दृष्टिकोण अपनाउनु आवश्यक छ भने एक विकास क्षेत्र भित्र नै पनि विभिन्न भौगोलिक क्षेत्रको विकासका सम्भावना र सोअनुसार साधनको आवश्यकता पत्ता लगाई राष्ट्रियस्तरको वार्षिक तथा आवधिक योजनामा समावेश गर्नु आवश्यक छ। तसर्थ राष्ट्रिय योजना आयोगले प्रत्येक क्षेत्रमा यस प्रकारको क्षमताद्वारा सुसज्जित एक एक वटा क्षेत्रीय कार्यालय स्थापना गर्नु वाञ्छनीय देखिन्छ। उक्त कार्यालयले नै विकास क्षेत्र अन्तरगतका विभिन्न अञ्चल तथा जिल्लाहरूमा योजना प्रगतिको पनि सामयिक रूपले जाँचबुझ गर्दै रहनु आवश्यक छ।

(२) यस्तै गरी तालिमसम्बन्धी व्यवस्था पनि विकास क्षेत्रस्तरमा हुनु आवश्यक छ। जिल्ला र गाउँस्तरमा रहेको बढ्दो विकास प्रयासको कारणले यिनीहरूको जनबलको आवश्यकता बढ्ने र सोही आधारमा तिनीहरूको प्रशिक्षणसम्बन्धी आवश्यकता बढ्नु स्वभाविकै छ। तसर्थः विकास क्षेत्रस्तरमा प्रशिक्षणको व्यवस्था हुनुको साथै विभिन्न निकायहरूले छुट्टाछुट्टै प्रयास गर्नुको बदला समन्वयात्मक प्रयास हुनु समेत आवश्यक देखिन्छ।

विकास क्षेत्रको भूमिकासम्बन्धी माथि दिइएका बुँदाहरू जिल्लामा सञ्चालन गरिने विकास प्रयासका परिप्रेक्ष्यमा मात्र सोचिएका हुन्। तर यी बाहेक, न्यायपालिका, प्रहरी, लोक सेवा, यातायात संगठन, कृषि अनुसन्धान आदि विषयहरूको निम्ति पनि विकास क्षेत्र महत्वपूर्ण हुन आउँछ।

### राष्ट्रियस्तर

जिल्ला, नगर र गाउँस्तरमा माथि लेखिएबमोजिको व्यवस्था साकार तुल्याउन केन्द्रीयस्तरमा नै आधारभूत व्यवस्थाहरू गर्नु आवश्यक छ। यसरी केन्द्रीयस्तरको व्यवस्थाले तल्लोस्तरमा सोअनुसारको व्यवस्था आवश्यक नतुल्याएसम्म सो साधार हुन सक्दैन। यो कुरा माथि तेश्रो परिच्छेदमा पनि उल्लेख भैसकेको छ। तसर्थः देहायमा दिइएका सिफारिशहरू उक्त आवश्यकताबाट प्रेरित भएका छन्।

**१. गाउँ विकाससित सम्बन्धित कार्यक्रमहरूको वार्षिक योजना तर्जुमा प्रक्रियामा राष्ट्रियस्तरमा परिवर्तन हुनुपर्ने**

माथि उल्लेख भएबमोजिम गाउँस्तरमा र जिल्लास्तरमा योजना तर्जुमा गर्ना निम्ति राष्ट्रियस्तरको निकायको योजना तर्जुमा प्रक्रियामा परिवर्तन हुनु आवश्यक छ तसर्थ कुनै पनि वर्षको वार्षिक योजना तर्जुमा गर्नुभन्दा अघिल्लो सालमा गाउँस्तरमा गाउँ विकास योजना र जिल्लास्तरमा जिल्ला विकास योजना तर्जुमा गराई त्यसको आधारमा मात्र विभिन्न विषय क्षेत्रको राष्ट्रिय योजना तर्जुमा गर्न लगाउन राष्ट्रिय योजना आयोगले आवश्यक नीति निर्देशन गरी कार्यान्वयन गर्नु आवश्यक छ।

उप समितिको विचारमा उपरोक्तबमोजिम स्थानीयस्तरको योजनामा राष्ट्रियस्तरको योजना आधारित गर्नु केन्द्रीय योजना प्रक्रियाप्रति अनास्था तथा त्यसको विपरीत कार्य भएको होइन। हाम्रो विचारमा केन्द्रीय नीति तथा साधनसम्बन्धी निर्देशनको आधारमा मात्र स्थानीयस्तरको योजना तर्जुमा हुने भएकोले यी दुइको बीचमा विरोधाभासको गुन्जाइस नै छैन। तर यस प्रस्तावित व्यवस्थाबाट एकातिर स्थानीय प्राथमिकता राष्ट्रिय योजनामा प्रतिबिम्बित हुन पाई योजना बढी अर्थपूर्ण हुन्छ भने अर्कोतिर स्थानीय विकास प्रयासमा स्थानीय साधनको समेत परिचालन हुन गई देशको विकास प्रयास अधिकीकरण हुन जानेछ। त्यसैले स्थानीयस्तरको योजना प्रयासले राष्ट्रियस्तरको योजना प्रयासलाई बढी परिमार्जित तुल्याउनमा योगदान पुऱ्याउने छ भन्ने उप समितिको विश्वास छ।

**२. राष्ट्रिय योजना आयोगको कार्यमा विकेन्द्रित योजना प्रक्रिया पनि समावेश हुनु पर्ने**

उपरोक्त (१) मा लेखिबमोजिमको योजना प्रक्रियाको परिवर्तन गर्ना निम्ति राष्ट्रिय योजना आयोगलाई स्पष्ट जिम्मेवारी दिन २०२९ साल भाद्र ६ गते नेपाल राजपत्र भाग ४ मा प्रकाशित राष्ट्रिय योजना आयोगको

योजना तर्जुमासम्बन्धी जिम्मेदारीमा केही परिवर्तन गर्नु आवश्यक छ। उक्त राजपत्रको दफा २ को (क) अन्तर्गत (३)मा निम्न लिखित बमोजिम उल्लिखित छ : "आवधिक योजनाको आधारमा वार्षिक योजना तयार गर्ने र सोबमोजिम बजेटको व्यवस्था गरी कार्यान्वयन गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने। उक्त वाक्यको सट्टा निम्न लिखित बमोजिम" वाक्य राख्नु आवश्यक देखिन्छ।

"आवधिक योजनाको साथै जिल्लाहरूमा वार्षिक जिल्ला विकास योजना तर्जुमा गराई त्यसको आधारमा वार्षिक योजना तयार गर्ने र सोबमोजिम बजेटको व्यवस्था गरी कार्यान्वयन गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने।"

## ३. पञ्चायत तथा स्थानीय विकास मन्त्रालयमा स्थानीय साधन शाखा स्थापना गर्ने

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको एउटा मुख्य कार्य पञ्चायतहरूको संस्थागत संवर्द्धन गर्ने भएकोले उक्त मन्त्रालयले सोसम्बन्धी अन्य अनुकूल नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्नुको साथै एउटा स्थानीय साधन शाखा स्थापना गरी कार्य गर्ने छ । उक्त शाखाले निम्न लिखित दुई कार्यहरू गर्नु पर्नेछ।

(क) अधिराज्यका गाउँ, नगर तथा जिल्ला पञ्चायतहरूको साधन परिचालन तथा त्यसको प्रयोगको अद्यावधिक जानकारी राख्ने।

(ख) स्थानीय पञ्चायतहरूको बढ्दो क्षमताको आधारमा राष्ट्रियस्तरको साधनको आवश्यकतामा प्रतिकूल असर नपर्ने गरी थप स्रोतहरूको सिफारिश तथा कार्यान्वयन गर्ने।

यही शाखाले नै पञ्चायत विकास तथा जग्गा कर जस्तो व्यवस्था पुनः लागू गर्न कस्तो परिवर्तनको आवश्यकता छ ?, पहाड र तराईको आवश्यकता बीच कसरी सामन्जस्यता ल्याउने ? आदि पक्षहरूमा विचार गरी आवश्यक कदम उठाउने छ।

## ४. पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तरगत नगर विकास महाशाखा राख्ने

नगर विकासको क्षेत्रमा नगर पञ्चायतहरूलाई टेवा पुऱ्याउन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तरगत नगर विकास महाशाखा खडा गर्नु आवश्यक छ। हाल भैरहेको नगर विकास समितिलाई खारेज गरी यसले गरी आएका कामहरू मध्ये तिनीहरूको प्रकृति हेरी सम्बन्धित नगर पञ्चायत वा यस प्रस्तावित महाशाखाले हेर्नु उपयुक्त देखिन्छ।

## ५. स्थानीय जिल्ला, नगर तथा गाउँ पञ्चायतहरूलाई प्रशिक्षणको व्यवस्था गर्ने

उपरोक्त बमोजिम परिवर्तित परिपाटीअनुसार प्रत्येक पञ्च तथा कर्मचारीले आफ्नो जिम्मेदारी विषयमा बोध गरी सोअनुसार कार्य गर्ने क्षमता वृद्धि गर्न बृहत् प्रशिक्षण कार्यक्रम पञ्चायत तथा स्थानीय विकास मन्त्रालयले सञ्चालन गर्नु आवश्यक छ।

## ६. जिल्ला पञ्चायत सभापति सम्मेलनलाई संस्थाधीकरण गर्ने

माथि ठाउँ ठाउँमा उल्लेख गरिए भैं विकेन्द्रीकरण एकै पटक जग बस्ने विषय होइन। त्यसको लागि निरन्तर प्रयासको आवश्यकता छ। यसमा मुख्यतया केन्द्रीयस्तर र स्थानीयस्तरको बीचमा विचार तथा अनुभवहरूको आदान प्रदान निरन्तर रूपले भै रहनु पर्दछ। तसर्थ यसको निमित्त वर्षको एक पटक प्रत्येक वर्ष अधिराज्यव्यापी जिल्ला पञ्चायतका सभापति तथा स्थानीय विकास अधिकृतहरूको सम्मेलन आयोजना गरिनु पर्दछ। सम्मेलनले निम्नलिखित कार्यहरू गर्नेछ।

(क) जिल्ला जिल्लामा जिल्ला विकास योजना तर्जुमा र सञ्चालनको सिंहावलोकन गर्ने।

(ख) जिल्ला गाउँ र नगरस्तरमा स्वचालित विकासको निम्ति श्री ५ को सरकारमा आवश्यक सुझावहरू प्रस्तुत गर्ने।

यो सम्मेलनबाट विकेन्द्रीकरणको प्रक्रियालाई सुदृढ बनाउँदै लैजान महत्वपूर्ण योगदान दिने विश्वास गरिएको छ।

७. **विकेन्द्रीकरणको निमित्त राजनीतिक क्षेत्रमा एउटा शक्तिशाली निकायको स्थापना हुनुपर्ने**

विकेन्द्रीकरणको क्षेत्रमा विगत प्रयासहरूको असफलताबाट यो एउटा कठिन प्रक्रिया हो भन्ने कुरा निर्विवाद रूपले प्रमाणित भएको छ। यसलाई कार्य रूपमा प्रभावकारी रूपले लागू गर्ना निमित्त एकै पटकमा सीमित भएको प्रयासको बदला केही समयावधिसम्म निरन्तर रूपले प्रयास गरी रहनु आवश्यक छ। कार्यरूपमा परिणत गर्न कार्यकारिणीको विभिन्न निकायका नीति तथा संगठनात्मक स्वरूपमा समेत आधारभूत परिवर्तन आउनु पर्ने भएको र यो सामान्यतः कष्टप्रद कार्य हो भन्ने विगत प्रयासहरूबाट साबित भएको हुनाले राजनीतिक क्षेत्रमा नै एउटा उच्चस्तरीय तथा शक्तिशाली निकायको स्थापनाको लागि सिफारिश गरिएको छ। उक्त निकायले निम्न लिखित बमोजिमको कार्यहरू गर्नेछ।

(क) उपरोक्तबमोजिम विकेन्द्रीकरणको निमित्त गरिनु पर्ने परिवर्तनहरू सम्बन्धित निकायले गरिरहेको छ छैन केन्द्र, क्षेत्र, अन्चल, जिल्ला तथा गाउँ, नगरस्तरमा त्यस्तो जाँचबुझ गर्दै रहने र त्यसको आधारमा विकेन्द्रीकरणको नीति कार्यान्वयन बारे आवधिक प्रतिवेदन निकाल्ने।

(ख) विकेन्द्रीकरण लागू हुँदै गए पछि त्यस प्रक्रियामा देखिने समस्याहरूलाई सम्बन्धित निकायहरूको सहयोगद्वारा निराकरण गरी यस प्रक्रियालाई सवर्द्धन गर्दै जाने।

(ग) जिल्ला पञ्चायत सभापति सम्मेलनको आयोजना गरी त्यसको निष्कर्षतथा सिफारिश अनुकूल नीति तथा कार्यक्रमहरू तर्जुमा गराई कार्यान्वयन गराउने।

(घ) विकेन्द्रीकरणसम्बन्धी नीति, तथा सिद्धान्तलाई गम्भीरतापूर्वक कार्यान्वयन नगर्ने निकायउपर सजायको सिफारिश गर्ने र त्यसको अनुशरण गर्ने।

८. **विकेन्द्रीकरण ऐन तर्जुमा गरी लागू गर्नुपर्ने**

विगत प्रयासहरूकै विफलतालाई दृष्टिगत गरी नेपालमा विकेन्द्रीकरणको कार्य सफल पार्न विकेन्द्रीकरण ऐन नै तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक देखिएको छ। उक्त ऐनमा सामान्यतः निम्नलिखित बमोजिमको व्यवस्था हुनु आवश्यक छ :

(क) राष्ट्रिय योजना आयोग लगायत सबै निकायहरूले गाउँ, जिल्लास्तरमा योजना तर्जुमा गर्नुपर्ने,

(ख) गाउँस्तरमा संस्थागत विकासमा जोड दिनु पर्ने,

(ग) विभिन्न निकायको ऐन नियममा परिवर्तन गर्नुपर्ने,

(घ) सेवा केन्द्रलाई सबै निकायहरूले प्रसार कार्य र सेवा प्रदानको मुख्य विन्दु बनाउनु पर्ने,

(ङ) लेखापरीक्षण र त्यसको प्रतिवेदन कार्यान्वयन गर्ने व्यवस्था गर्ने,

(च) जि.पं. सभापति सम्मेलनलाई संस्थाधिकरण गर्ने,

(छ) विकेन्द्रीकरणसम्बन्धी उच्चस्तरीय निकायको स्थापना र त्यसको माथि लेखिएबमोजिम काम तथा अधिकार क्षेत्र तोक्ने,

(ज) विकेन्द्रीकरणको उपरोक्त बुँदाहरूको प्रतिकूल पर्ने गरी भैरहेको ऐन नियमको व्यवस्थालाई निस्क्रिय पार्ने।

उपरोक्त सिफारिशहरूले यस उप समितिको रायमा हालसम्म देखिएका समस्याहरू निराकरण गर्नेतर्फ प्रसस्त योगदान पुऱ्याउने आशा गरिएको छ। यो कतिपय सिफारिशहरू परम्परागत प्रकृतिका छैनन्। तर उप समितिले विकेन्द्रीकरणको क्षेत्रमा केही आधारभूत कदमहरू दृढतापूर्वक नउठाएको खण्डमा यसले चिताएको प्रतिफल नदिने विश्वासमा ती सिफारिशहरू गरेको हो।

साथै विकेन्द्रीकरण एउटा निरन्तर प्रक्रिया हुनु पर्ने भएको हुनाले उपरोक्त सिफारिशहरू हाल कार्यान्वयन गर्नुको साथै यसलाई समय समयमा पुनरावलोकन गरी यसलाई सवर्द्धन गर्दै लैजान पनि उप समिति पुनः एक पटक सिफारिश गर्दछ।

## परिशिष्ट – १

### विकेन्द्रीकरण समितिको प्रतिवेदन, २०३८, केन्द्रीय पञ्चभेला

### निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका सिद्धान्त एवम् लक्ष्यअनुरूप विकेन्द्रीकरण सिद्धान्तका निम्ति सफल क्रियान्वयनका प्रक्रियाहरू निश्चित गर्नेसम्बन्धी प्रतिवेदन

**पृष्ठभूमि**

नेपाल अधिराज्यमा पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएदेखि नै विकेन्द्रीकरणको सिद्धान्त यस व्यवस्थाको एउटा आधारभूत विशेषताको रूपमा रहीआएको छ। यस सम्बन्धमा नेपालको संविधानको प्रस्तावनामा निम्नलिखित बमोजिम एउटा व्यापक परिप्रेक्ष्यको व्यवस्था गरेको छ :

"नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोकसम्मतिको अनुकूल शासन-व्यवस्था चलाउनु वान्छनीय भएको र त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो, तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र सम्भव छ"।

संविधानको उपरोक्त प्रस्तावले पञ्चायत व्यवस्थाको सम्बन्धमा तीनवटा अत्यन्त महत्वपूर्ण बुँदाहरूलाई स्पष्ट पारेको छ :

१. दलविहीन प्रजातान्त्रिक शासन प्रणाली,
२. तलैदेखि तह-तह भएर उठेको पञ्चायत संगठन, र
३. विकेन्द्रीकरणको सिद्धान्तमा आधारित व्यवस्था।

पञ्चायत व्यवस्थाको उपरोक्त आधारभूत विशेषताहरू कार्यान्वयन गर्ने सिलसिलामा विकेन्द्रीकरणको सम्बन्धमा पनि प्रयासहरू हुँदै आएको छ।

श्री ५ महाराजाधिराज सरकारबाट २०३८ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा देशवासीको नाममा बक्सेको सन्देशमा हुकुम भएको छ : "नेपाली समाजलाई अग्रगामी बनाउने हो भने यस व्यवस्थाले परिकल्पना गरेको विकेन्द्रीकरणको सिद्धान्तलाई हाम्रो समाजको तल्लो तहसम्म दैनिक जीवनपद्धतिको रूपमा उतार्नु पर्दछ"। यसैबाट देश विकास र विकेन्द्रित व्यवस्थाको बीच रहेको निकटतम सम्बन्ध अझ स्पष्ट हुन गएको छ।

नेपालको संविधानअनुसार गठित पञ्चायत नीति तथा जाँचबुझ समितिले निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सिद्धान्त एवम् लक्ष्यअनुरूप विकेन्द्रीकरण सिद्धान्तका निम्ति सफल क्रियान्वयनका प्रक्रियाहरू निश्चित गर्न राष्ट्रिय पञ्चायतका माननीय सदस्य श्री रणधीर सुब्बाको संयोजकत्वमा विकेन्द्रीकरण समिति, २०३८ गठन गरेको छ। यस समितिले श्री ५ महाराजाधिराज सरकारको उपरोक्त महावाणी र नेपालको संविधानको आकाङ्क्षा अनुकूल विकेन्द्रीकरणको क्षेत्रमा बितेका अनुभवको आधारमा केही प्रारम्भिक दिशाबोध तयार गरेको छ।

**विकेन्द्रीकरणको सम्बन्धमा पञ्चायत व्यवस्थाको आधारभूत परिकल्पनाहरू**

बितेका दुई दशकमा पञ्चायत व्यवस्थाको सञ्चालनबाट अधिराज्यमा विकेन्द्रीकरणसम्बन्धी निम्नलिखित परिकल्पनाहरूले व्यापक मान्यता प्राप्त गरेका छन् :

(क) अधिराज्यमा पञ्चायत व्यवस्थाले परिकल्पना गरेको समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नानिम्ति समाजको प्रत्येकस्तरमा जनताको सृजनात्मक प्रतिभाको प्रयोग गर्नुको साथै साधनका विनियोजनमा जनसहभागिता हुनु नितान्त आवश्यक छ। यी अवस्थाहरूको पूर्ति व्यापक विकेन्द्रित शासन व्यवस्थाबाट हुने भएकोले अधिराज्यमा यस प्रकारको जनकल्याणको अभिवृद्धितिर अभिमुख भएको समाजको स्थापनाको निम्ति शासन व्यवस्थालाई विकेन्द्रित गर्नुको साथै यसलाई सुदृढ तुल्याउँदै जानु आवश्यक छ।

(ख) व्यवस्थाको निर्दलीयताले कुनै दलीय विचारमा आधारित द्वन्दलाई प्रश्रय दिदैन, तर एउटा प्रजातान्त्रिक व्यवस्थाको नाताले यसले जनताको समुन्नति अभिवृद्धि गर्ना निम्ति विभिन्नस्तरमा लिइने निर्णयमा वैचारिक परिमार्जनलाई महत्वपूर्ण स्थान दिएको छ। तसर्थ विकेन्द्रीकरण पञ्चायत व्यवस्थाको निर्दलीयताको एउटा सबल आधार हो।

(ग) एशियाका दुई ठूला-ठूला देशहरूको बीचमा रहेको यस अधिराज्यका प्रत्येक जनता राष्ट्रिय जीवनको मूल धारमा सम्मिलित भई राष्ट्रिय विकासको दौरानमा देखा पर्ने आन्तरिक र बाह्य समस्याहरूलाई एकजूट भै सामना गर्न व्यापक जनसहभागितामा आधारित शासन व्यवस्थाबाट मात्र सम्भव हुने हुनाले यस प्रकारको राष्ट्रिय शक्ति सञ्चारको निम्ति विकेन्द्रित शासन व्यवस्था अपरिहार्य छ।

(घ) नेपाल अधिराज्यको विकासलाई तीव्रता प्रदान गर्न स्थानीय साधनको अधिकतम परिचालन गर्नुपर्ने र यस प्रकारको परिचालन स्थानीय जनताको संगठित प्रयासबाट मात्र सम्भव हुने हुनाले यसको प्राप्तिको निम्ति स्थानीय जनता सहजै सहभागी हुन पाउने गरी अधिराज्यको प्रत्येक घर-दैलोमा पुग्ने विकेन्द्रित शासन व्यवस्थाको स्थापना तथा सञ्चालन हुनु आवश्यक छ।

(ङ) नेपाल अधिराज्यको संरचनामा भौगोलिक, आर्थिक तथा सांस्कृतिक विविधताहरूको प्रचुरता भएको र देश विकासको प्रयासमा सोअनुसार आ-आफ्नो प्रतिभा, संभावना तथा आवश्यकताहरू पृथक पृथक हुने हुनाले यसबाट अधिकतम फाइदा हासिल गर्ना निम्ति विकेन्द्रित व्यवस्थाको माध्यमबाट मात्र योजनाहरूको तर्जुमा र सञ्चालन आवश्यक छ।

**विकेन्द्रीकरणको क्षेत्रमा विगतका प्रयासहरू**

निर्दलीय पञ्चायत व्यवस्थाको आधारमा २०१९ सालमा नेपालको संविधान जारी भैसकेपछि प्रशासन व्यवस्थालाई विकेन्द्रीकरण कुन तरीकाबाट क्रमशः गर्दै लैजांदा ठीक हुन्छ भन्ने विषयमा सुझावका लागि स्व. श्री ५ महेन्द्रबाट २०२० सालमा प्रशासन शक्ति विकेन्द्रीकरण आयोगको गठन भई २०२१ सालमा उक्त आयोगको रिपोर्ट जनसमक्ष आयो। उक्त आयोगले पञ्चायतहरूलाई अधिकार विकेन्द्रीकरण गर्ने सम्बन्धमा चारवटा आधारहरू प्रस्तुत गरेको थियो :

१. यस्तो अधिकारहरू जसलाई प्रयोग गर्नको निमित्त स्थानीय वस्तुस्थितिको बढी जानकारीको आवश्यकता परोस्।
२. यस्ता कार्य जसले गर्दा स्थानीय जनतालाई टाढा रहेको गौंडा, गोश्वारा जाने कष्टबाट छुटकारा मिलोस्।
३. यस्ता अधिकारहरू जसलाई जनताको इच्छाअनुसार प्रयोग गर्न वान्छनीय होस्।
४. यस्ता कार्यहरू जसलाई पूरा गर्नको निमित्त बढी से बढी जनसहयोगको आवश्यकता होस्।

उक्त आयोगले जि.प. र गा.प.हरूलाई विभिन्न कर, न्याय र विकाससम्बन्धी व्यापक अधिकारहरू प्रस्ताव गरी तिनीहरूको कार्यान्वयनको निम्ति निम्नलिखित तीनवटा सिद्धान्तहरू समेत प्रस्तुत गरेको थियो :

१. पञ्चायतहरूले प्रयोग गर्दा कामको दक्षता र प्रभावकारिता नघट्ने किसिमको अधिकारहरूलाई प्रत्यायोजित गर्नु पर्दछ।
२. अधिकारहरूको विकेन्द्रीकरण पञ्चायतहरूको क्षमताअनुसार गर्नु पर्दछ।
३. अधिकारको विकेन्द्रीकरण क्रमिक र योजनाबद्ध रूपले हुनुपर्दछ।

उक्त प्रतिवेदनको आधारमा २०२२ साल देखि श्री ५ को सरकारले तीन चरणमा विभाजित विकेन्द्रीकरण योजना लागू गर्‍यो। प्रारम्भिक चरणमा नै स्थानीय प्रशासन ऐन २०२२ लागू गरियो, जसअनुसार अधिराज्यमा ७५ वटा विकास जिल्लालाई प्रशासनिक जिल्ला कायम गरी प्र.जि.अ.लाई जिल्लास्तरीय कार्यालयहरूको नियन्त्रण, रेखदेख र समन्वयसम्बन्धी अधिकार दिई जि.प.को सचिव समेत बनाइयो। विभिन्न ऐन अन्तरगतका अधिकारहरू पनि प्रत्यायोजन भयो। पञ्चायत विकास तथा जग्गा कर ऐन, २०२२ पनि केही गाउँ पञ्चायतहरूमा लागू भए। अन्तिम चरणमा शान्ति-सुरक्षा र सोसम्बन्धी केही अधिकारहरू बाहेक विकाससम्बन्धी सबै अधिकार जि.प.को परिधि भित्र पर्ने व्यवस्था भयो।

त्यसपछि २०२४ सालमा श्री ५ को सरकारले विकेन्द्रीकरणको कार्यान्वयन पक्षबारे सैद्धान्तिक र व्यावहारिक दृष्टिकोणले विचार गरी प्रतिवेदन पेश गर्न २१ सदस्यीय समिति गठन गऱ्यो । उक्त समितिले सो भन्दा पहिलेको विकेन्द्रीकरण आयोगको प्रतिवेदनलाई देश, काल, परिस्थिति अनुकूल नभएकोले उक्त, आयोगको प्रतिवेदनअनुसार विकेन्द्रीकरण योजना सञ्चालन गर्नु अव्यावहारिक देखिन्छ भन्ने निष्कर्षमा पुग्यो । यस समितिले पञ्चायतहरूलाई अनुदान खारेज गर्ने, पञ्चायतले मालपोत उठाउनु अव्यवहारिक तथा अनुपयुक्त, पञ्चायतहरूलाई कर उठाउने बढी अधिकार दिएपछि जन-विश्वासको दृष्टिकोणले पञ्चायतहरू कमजोर हुने भएकोले त्यसको बदला अन्य व्यवस्थाका साथै मालपोतको केही प्रतिशत पञ्चायतहरूलाई उपलब्ध गराउने, प.वि. तथा ज.कर व्यापक रूपमा लागू गर्ने र गाउँ र जिल्ला पञ्चायतहरू र तिनीहरूको विकास कार्यहरूलाई राष्ट्रिय आर्थिक योजना तर्जुमा र कार्यान्वयन अभिन्न अङ्गको रूपमा समावेश गर्न सिफारिश गऱ्यो ।

त्यसपछि पुनः २०२६ सालतिर श्री ५ को सरकारले अर्को विकेन्द्रीकरण समिति गठन गऱ्यो । त्यसले विकेन्द्रीकरण गर्ने प्रक्रियामा त्रुटिहरूलाई सुधार गर्दै लैजानु पर्ने ससाना त्रुटिले नियम-कानूनलाई नै स्थगित गर्न नहुने, अधिकार दिनेको पक्षमा उदारता हुनु पर्ने र लिनेसित दक्षता हुनुपर्ने, परस्परमा शङ्का उपशङ्का र मतभेदको वातावरण हुनु नहुने विकेन्द्रीकरण बारे र उच्चपदाधिकारीहरूमा मतभेद हटाउनु पर्ने निष्कर्षमा पुगेको देखिन्छ । यसै समितिको निर्णय पश्चात् श्री ५ को सरकारले प्र.जि.अ.लाई जि.प.को सचिवबाट हटाई शान्ति-सुरक्षाको अधिकार समेत प्रदान गरी जिल्लाको प्रमुखको रूपमा स्थापना गर्नुका साथै साविकको पञ्चायत विकास अधिकारीलाई जि.प.को सचिव बनायो ।

विकेन्द्रीकरण योजना कार्यान्वयनको बाटोमा देखा परेका बाधा अवरोध हटाई यसलाई प्रभाकारी ढङ्गले कार्यान्वयन गर्ने उपायहरू पत्ता लगाउन २०२७ सालमा पनि श्री ५ को सरकारले अर्को विकेन्द्रीकरण समितिको गठन गरेको थियो । यस समितिले विकेन्द्रीकरण योजनाको कार्यान्वयन पक्षमा देखा परेका अस्पष्टता हटाई प्रभावकारी रूपले यसको कार्यान्वयन गराउन यस योजनालाई तीन चरणको सट्टा दुई चरणमा विभाजन गरी कार्यान्वयन गरी सिफारिश गऱ्यो । अर्कोतर्फ सो योजनाको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ हटाउन उच्चस्तरीय कमिटी गठन गर्नुको साथै योजना कार्यान्वयनको अनुशरण गर्ने सिलसिलामा पञ्चायत मन्त्रालय अन्तर्गत विकेन्द्रीकरण शाखा पनि स्थापना भयो ।

श्री ५ को सरकारका विभिन्न मन्त्रालयको जिल्लास्तरमा कार्यरत निकायहरूको सङ्ख्याहरू बढ्न गई तिनीहरूको बीच समन्वयको आवश्यकता परेको, जिल्लास्तरमा जिल्ला र गाउँ पञ्चायतहरूको भूमिका र प्रशासन यन्त्रको बीच परिपूरक परिपोषक सम्बन्ध हुनुपर्ने आवश्यक टड्कारो देखिएको र विभिन्न विकास कार्यक्रमहरूको तर्जुमा जिल्लाको आवश्यकता स्पष्ट रूपले प्रतिबिम्बित तुल्याउनु पर्ने आवश्यकताको कारणबाट २०३१ सालमा श्री ५ को सरकारले जिल्ला प्रशासन योजना तर्जुमा गरी लागू गऱ्यो । सो योजनामा स्थानीयस्तरमा एकीकृत जिल्ला संगठन एवम् प्रशासकीय व्यवस्था सृजना गर्न तथा योजना तर्जुमा प्रक्रियालाई विकेन्द्रित गरी प्रत्येक जिल्लामा प्रत्येक वर्ष जिल्ला विकास योजना तर्जुमा गर्ने र त्यसको आधारमा मात्र केन्द्रीय बजेट तथा योजना गर्ने व्यवस्थाको परिकल्पना गरेको थियो । तर एकातिर यस प्रशासन योजनाले जि.पं.हरूलाई प्र.जि.अ.को अनावश्यक नियन्त्रण भित्र राख्यो भन्ने आलोचना गरियो भने अर्कोतिर प्र.जि.अ.लाई जिल्लास्तरको समन्वयकर्ताको भूमिका प्रत्यायोजित नभएको र श्री ५ को सरकारको सम्बन्धित निकायहरूले जिल्लास्तरमा योजना तर्जुमा गर्नु पर्ने प्रयास नहुनुको कारणबाट प्रशासन योजना प्रभावकारी रूपले लागू हुन सकेन ।

२०३५ सालमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा पनि एउटा विकेन्द्रीकरण समितिको गठन भएको थियो । उक्त समितिले तत्कालसम्मका विकेन्द्रीकरणसम्बन्धी विभिन्न प्रयास एवम् प्रयोगहरूको पुनरावलोकनको आधारमा एउटा मस्यौदा प्रतिवेदन पनि तयार पारेको थियो । तर उक्त प्रतिवेदन जनसमक्ष प्रकाशमा आउन सकेन ।

सोही वर्ष अर्थात् २०३५ सालमा नै श्री ५ को सरकारले एकीकृत पञ्चायत विकासको प्रारूपको नामबाट विकेन्द्रित व्यवस्था ल्याउन एउटा अर्को प्रयास गऱ्यो । उक्त प्रारूपले मुख्यतया जिल्ला प्रशासन योजनामा नै दिइएको योजना प्रक्रियालाई अनुमोदन गरेको थियो भने यसलाई व्यवहारमा साकार तुल्याउनको निम्ति

केन्द्रीयस्तरमा अन्तर मन्त्रालय समन्वयको व्यवस्थालाई सुदृढ पार्ने प्रयास गर्‍यो । तर जुन कारणले जिल्ला प्रशासन योजनाले प्रत्याशित प्रभाव पार्न सकेन, त्यही कारणवश उक्त प्रारूप पनि प्रभावहीन नै रह्यो।

गत २०३७ सालमा श्री ५ को सरकारले पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको स्थापना गरेपछि जिल्ला स्तरमा पञ्चायत विकास अधिकारीको पद हटाई त्यसको ठाउँमा राजपत्राङ्कित द्वितीय श्रेणीको स्थानीय विकास अधिकृत नियुक्त गरी त्यसलाई जि.प.को सचिव तथा जिल्लास्तरमा विकाससम्बन्धी निकायहरूको समन्वयकर्ता कायम गरेको छ । योजना प्रक्रियाको सम्बन्धमा पनि केन्द्रीयस्तरमा वार्षिक योजना तथा बजेट तर्जुमा गर्नुभन्दा पहिले जिल्लास्तरमा गाउँ पञ्चायतहरूको प्राथमिकताको आधारमा एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्नुपर्ने र जि.पं. र जिल्लासभाबाट अनुमोदन गर्नुपर्ने व्यवस्था छ । तर माथि जिल्ला प्रशासन योजनाको सम्बन्धमा उल्लिखित कारणहरूले गर्दा नै वर्तमान व्यवस्थामा पनि यसको अनुरूप कार्य हुन सकेको छैन ।

**विकेन्द्रीकरणको प्रयासहरूसम्बन्धी केही निष्कर्षहरू**

माथि दिइएका विकेन्द्रीकरण समितिहरूसम्बन्धी संक्षिप्त विवेचनाबाट यो स्पष्ट हुन आउँछ कि नेपाल अधिराज्यमा विकेन्द्रीकरणको क्षेत्रमा प्रयासहरू नभएका होइनन् । त्यसको फलस्वरूप प्रशासन र पञ्चायतको संगठन सम्बन्धमा यदाकदा परिवर्तनहरू पनि नभएका होइनन् । तर नेपालको संविधानमा प्रतिविम्बित पञ्चायत व्यवस्थाको आकाङ्क्षा अनुरूपको विकेन्द्रीकरणलाई व्यवहारमा उतार्न सकिएन । यसको कारणको सम्बन्धमा निम्नलिखित केही निष्कर्षहरूमा पुग्न सकिन्छ :

१. विकेन्द्रीकरणको उद्देश्य तथा त्यसलाई कार्यान्वयन गर्ने विधिको सम्बन्धमा राजनीतिक तथा प्रशासनिक क्षेत्र दुवैमा सर्वमान्य धारणाको कमी नै रहँदै आएको छ । मुख्यतया विकेन्द्रीकरण नेपाली समाजको चौतर्फी विकासको एउटा प्रभावशाली यन्त्र हुन सक्दछ भन्ने कुराको बोध तथा विश्वास यी दुवै क्षेत्रमा सञ्चार हुन सकेन । यसले गर्दा एकातिर विकेन्द्रीकरणसम्बन्धी कुरा भाषणमा नै सीमित रह्यो भने अर्कोतिर विकेन्द्रीकरणको नाममा कहिले पञ्चायतहरूलाई अधिकार प्रदान गर्ने, त कहिले अधिकार फिर्ता लिने क्रम चली पञ्चायतहरूले क्रमिक रूपले अधिकार तथा जिम्मेवारीहरू गुमाउँदै जानु परेको छ ।

२. नेपालको संविधानअनुसार व्यवस्था भएको विभिन्न गाउँ तथा जिल्ला पञ्चायतका ऐन-नियमहरूमा विकेन्द्रीकरणको उद्देश्यअनुरूप प्रशस्त जिम्मेवारीको व्यवस्था भएतापनि त्यसलाई व्यवहारमा सम्भव गराउन श्री ५ को सरकारको विभिन्न निकायका योजना प्रक्रिया, नीति तथा नियमहरूमा पनि सो अनुकूल व्यवस्था हुनु पर्ने थियो । तर श्री ५ को सरकारको बहुसंख्यक निकायहरूले त्यसप्रति ध्यान नपुर्‍याएको हुनाले गाउँ तथा जिल्ला पञ्चायतहरूलाई दिइएका ती कर्तव्य तथा जिम्मेवारीहरू ती ऐन नियमकै पानाहरूभित्र सीमित भएर बसे ।

३. यसभन्दा पहिले विकेन्द्रीकरणको क्षेत्रमा जति पनि प्रयासहरू भए ती सबै कार्यपालिकाको परिधिभित्र मात्र भए । फलस्वरूप विकेन्द्रीकरणको कार्यक्रम सञ्चालन गर्न जुन राजनीतिक सूझबूझ तथा कटिबद्धताको आवश्यकता थियो, सो श्री ५ को सरकारको निकायहरूबाट प्रदर्शित हुन सकेन । त्यसैले प्रत्येक प्रयासहरू क्रमिक रूपले सेलाउँदै गए ।

४. विकेन्द्रीकरणको निम्ति उठाइएका माथि उल्लिखित प्रत्येक कदमहरू आफैमा सीमित छुट्टाछुट्टै प्रयासहरूको रूपमा मात्र उठाइएका थिए । तिनीहरूको प्रयासमा निरन्तरता रहेको देखिएन । विकेन्द्रीकरण सहजै सम्भव हुने प्रयास होइन । यसको निम्ति निरन्तर प्रयासको अनुशरण तथा मूल्याङ्कनको आवश्यकता छ । तर विकेन्द्रीकरणबारे चिन्तन गर्ने निकायले यो अभिभारा लिन पाएको देखिँदैन । प्रत्येक आयोग वा समिति प्रतिवेदन पेश हुनासाथ विघटन भई त्यसले गरेको सिफारिश कालान्तरमा कार्यपालिकाको प्रशासनिक परिपाटीमा नै विलीन हुन गएको देखिन्छ ।

५. नेपालको राष्ट्रिय योजना तर्जुमा यन्त्र पञ्चायत व्यवस्थाको उद्देश्य तथा आकाङ्क्षाप्रति उदासीनता नै रह्यो । अधिराज्यमा जनसहभागितामा आधारित योजना तर्जुमा र कार्यान्वयन प्रक्रियाको जग बसाली यस प्रक्रियामा आमजनतालाई संलग्न गरी अधिकतम साधन परिचालन गर्नुको साथै यसबाट जनतालाई

अधिकतम प्रतिफल उपलब्ध गराई अधिराज्यमा पञ्चायत व्यवस्थाले परिकल्पना गरेको समाज खडा गर्ने दिशातिर राष्ट्रिय योजना प्रक्रिया सम्वेदनशील हुन सकेन ।

सङ्क्षेपमा, विकेन्द्रीकरणको सन्दर्भमा नेपाल अधिराज्यमा सर्वमान्य दिशाबोधको कमी, त्यसको विकास गर्ने अग्रगामित्व र वचनबद्धताको खाँचो तथा तिनीहरूको कारणबाट यस क्षेत्रमा यथास्थितिको नै अवस्था रहँदै आएको छ ।

**विकेन्द्रीकरणको सम्बन्धमा प्रस्तावित कार्यनीति**

नेपाल अधिराज्यजस्तो एकात्मक शासन प्रणाली भएको देशको सन्दर्भमा विकेन्द्रीकरण भन्नाले श्री ५ को सरकारको शक्ति अर्थात् कार्यकारिणी अधिकारमध्ये कतिपय अधिकार ऐन-कानूनले स्थानीय निकायमा स्थानान्तरण गर्नु हो । गाउँ, नगर, जिल्ला र राष्ट्रिय पञ्चायतका एकाईहरू नेपालको संविधान र ती निकायसित सम्बन्धित कानूनी व्यवस्थाले तिनीहरूलाई स्थानीय आधारमा आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्ने जिम्मेवारी भएकोले विकेन्द्रीकरणको मूख्यतया गाउँ, नगर र जिल्ला पञ्चायतले जिम्मेवारी वहन गर्नुपर्ने भएको छ । पञ्चायत व्यवस्थामा आफ्नै अस्तित्व भएका पञ्चायतका एकाईहरूको गठन कर्तव्य, अधिकार र कार्यक्रम आदि कानूनद्वारा निर्धारित गरिएको हुँदा सो कानूनको आधारमा पञ्चायत र प्रशासनको आपसी सम्बन्ध कायम हुनुपर्दछ ।

प्रजातन्त्रको क्रमिक विकास गर्दै जाने पञ्चायत व्यवस्थाको उद्देश्य भएकोले अभ्यासद्वारा प्रजातान्त्रिक परिपाटी सिक्ने र सिकाउने स्थान नै गाउँ, नगर र जिल्ला पञ्चायत हुन । तसर्थ यी निकायहरूको क्रियाकलापमा प्रजातान्त्रिक प्रक्रिया अपनाउनुको साथै यस प्रक्रियालाई परिमार्जित गर्दै लगी व्यवस्थाको दलविहीनतालाई संबर्द्धन गर्दै तिनीहरूलाई प्रचार-प्रसार, शिक्षण-प्रशिक्षण, गोष्ठी आदि गर्न पनि केन्द्रीय निकायहरूबाट जिम्मेवारी तथा अधिकारको विकेन्द्रीकरण हुनु आवश्यक छ ।

उपरोक्त दिशाबोधको परिप्रेक्ष्यमा विकेन्द्रीकरणको निम्ति निम्नलिखित आधारहरू प्रतिपादन गरिएका छन् :

१. नेपालको संविधानअनुसार विकेन्द्रीकरणको लक्ष्य नेपाली जनताको सर्वोत्तम हित र समुन्नति अभिवृद्धि गर्नु नै रहेकोले विकेन्द्रीकरणलाई यस पुनीत उद्देश्य हासिल गर्ने एउटा महत्वपूर्ण उपायको रूपमा लिइएको छ ।

२. सोअनुसार आफ्नो हित र समुन्नति हुने कुरामा सम्बन्धित जनताले नै मुख्य भूमिका खेल्नु विकेन्द्रीकरणको अभिप्राय भएकोले नेपाल अधिराज्यका पञ्चायत व्यवस्थाको सबैभन्दा तल्लो तह गाउँ तथा नगर पञ्चायतलाई नै विकेन्द्रीकरणको मुख्य लक्ष मान्नुको साथै त्यसस्तरका आफ्नो आर्थिक तथा सामाजिक विकासको लागि साधन परिचालन तथा विनियोजन गर्ने अधिकार तथा जिम्मेवारीको व्यवस्था गर्न विकेन्द्रीकरणको क्षेत्रमा मुख्य राष्ट्रिय नीति हुनेछ । यस अन्तर्गत गाउँस्तरीय योजना पहिल्याउने, कार्यान्वयनबारे निर्णय गर्ने, यसको लागि साधन जुटाउने, योजना कार्यान्वयन गर्ने र योजनाको उपलब्धिमा न्यायोचित तरीकाले जनतालाई सहभागी बनाउने पञ्चायतहरूको जिम्मेवारी गराइनेछ । यस क्रममा श्री ५ को सरकार सहयोगीको रूपमा आउँछ, कार्यान्वयन गर्ने मुख्य एकाईको रूपमा हेइन ।

३. स्थानीय पञ्चायत अन्तर्गत सञ्चालित सामाजिक उद्देश्यका हुन अथवा उत्पादनसँग सम्बन्धित हुन्, ती आयोजनाहरू स्थानीय पञ्चायतको आय स्रोत समेत बन्ने भएकोले यी आयोजनाहरू सबै पञ्चायतको संरक्षणमा नै रहनेछन् । साथै उत्पादनको क्षेत्रमा प्रत्यक्ष सम्बन्ध राख्ने साना ग्रामीण विद्युत र लघु सिंचाई आयोजनाको साथै अन्य उत्पादकसँग सम्बन्ध राख्ने वित्तीय साधन र अरू सेवा केन्द्रहरूको परिचालनमा समेत पञ्चायतहरूसँग घनिष्ठ सहयोगात्मक सम्बन्ध राखिनु पर्दछ ।

४. गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतले आफ्नै प्रयासद्वारा विकास गर्न सकोस् भन्ने हेतुले तिनको आफ्नै आयको स्रोत कानूनद्वारा निर्धारण गरिनेछ ।

५. गाउँ तथा नगरस्तरमा सो बमोजिमको क्रियाकलाप सम्भव गराउने कार्यमा जिल्ला पञ्चायतले पनि जिल्लास्तरबाट महत्वपूर्ण भूमिका खेल्नु पर्ने भएकोले सो दिशातिर जि.पं.लाई पनि आवश्यक जिम्मेवारी तथा अधिकारको व्यवस्था गरिनेछ ।

६. अधिराज्यको गाउँ नगर पञ्चायतका निवासीहरूको विकास राष्ट्रिय विकासको परिप्रेक्ष्यबाट अलग हुन नसक्ने भएकोले स्थानीयस्तर र राष्ट्रियस्तरको प्राथमिकता निर्धारण र साधन विनियोजनका प्रयासहरू बीच आपसमा परिपूरक तथा परिपोषक सम्बन्ध कायम गरिनेछ।

७. पञ्चायत निकायहरूले सो कार्य सफलतापूर्वक गर्ना निम्ति श्री ५ को सरकारको प्रशासनिक यन्त्र भित्र पनि आवश्यक जिम्मेवारी तथा अधिकारहरू गाउँ, नगर, जिल्ला, अञ्चल र क्षेत्रीयस्तरका निकायहरूलाई विकेन्द्रित गरिनेछ। साथै यी विभिन्न पञ्चायत तथा प्रशासनिक निकायहरूको आपसी जिम्मेवारी, काम, कर्तव्य तथा अधिकार-क्षेत्र स्पष्ट रूपले किटान गरिनेछ।

**विकेन्द्रीकरणलाई कार्यान्वयन गर्ने मुख्य उपायहरू**

उपरोक्त बमोजिमको विकेन्द्रित व्यवस्था हासिल गर्न निम्नलिखित कदमहरू प्रस्ताव गरिएका छन् :

१. विकेन्द्रित शासन व्यवस्था कायम गर्नको निम्ति निरन्तर तथा निश्चित् रूपले प्रयास गरिंदै जानुपर्ने र यसको निम्ति राजनीतिक क्षेत्रबाट नै यस विषयमा निरन्तर रूपले जाँचबुझ तथा अनुशरण गर्दै रहनु पर्ने भएकोले राजनीतिक क्षेत्रमा नै एउटा शक्तिशाली निकायको स्थापना हुनु आवश्यक छ। यसले अनुभवको आधारमा विकेन्द्रित व्यवस्था सफल पार्दै जान जुन नयाँ नियम-कानूनहरू तथा प्रशासनिक व्यवस्थाहरूको तर्जुमा वा थपघट गर्नुपर्दा सो पनि यस निकायले नै गर्दै गराउँदै लैजानेछ।

२. विकेन्द्रित शासन व्यवस्थाको उपरोक्त उद्देश्य हासिल गर्नको निम्ति मौजुदा राष्ट्रिय र स्थानीय योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई पुनरावलोकन गरी तिनीहरूमा आवश्यक परिपूरक तथा परिपोषक सम्बन्ध कायम गर्न आवश्यक सुधार तथा परिवर्तनहरू गरिनेछन्।

३. सोहीबमोजिम विकेन्द्रित शासन व्यवस्थालाई आवश्यक सहयोग र टेवा पुऱ्याउने गरी श्री ५ को सरकारको विभिन्न निकायहरूका संगठन तथा नीतिहरूको सम्बन्धमा पनि आवश्यक सुधारहरू कार्यान्वयन गरिनेछन्।

४. स्थानीयस्तरमा विकेन्द्रित शासन व्यवस्थालाई विकेन्द्रीकरणको पुनीत उद्देश्य अनुकूल जनताको समुन्नति हुने दिशातिर प्रभावकारी रूपले सञ्चालन गर्ने पञ्चायतको प्रत्येक तहमा योजना तर्जुमा, सञ्चालन, मूल्याङ्कन गर्ने तथा अन्य प्रशासनिक क्षमता अभिवृद्धि गर्न प्रशिक्षण, प्रचार-प्रसार, निर्देशन, साधनको स्रोत र अन्य प्रशासनिक टेवाहरू निरन्तर रूपले उपलब्ध हुँदै जाने व्यवस्था गरिनेछ।

## परिशिष्ट - २

## विकेन्द्रीकरण उप समिति २०३८का सदस्यहरुको जिल्ला भ्रमणका क्षेत्रहरु

| विकास क्षेत्र | अञ्चल | जिल्ला | भ्रमण गर्ने सदस्यहरूको नाम |
|---|---|---|---|
| मध्यमाञ्चल | नारायणी | पर्सा, बारा, रौतहट, मकवानपुर र चितौन | मा.श्री रणधीर सुब्बा |
| पूर्वाञ्चल | मेची, कोशी | सखुवासभा, इलाम र झापा | श्री प्रकाशचन्द्र मुखिया |
| पश्चिमाञ्चल | धवलागिरी | बाग्लुङ र म्याग्दी | श्री ओंकारप्रसाद गौचन |
| मध्यपश्चिमाञ्चल | कर्णाली, भेरी र राप्ती | जुम्ला, बाँके, बर्दिया र दाङ | श्री गजराज शर्मा |

## परिशिष्ट - ३ (क)

## विकेन्द्रीकरण उप समितिका संयोजक माननीय श्री रणधीर सुब्बाद्वारा प्रस्तुत प्रतिवेदन

विकेन्द्रीकरणको सम्बन्धमा पञ्चायत र विभिन्न वर्गीय संगठनका सदस्य सबै कार्यकर्ताहरू, उपलब्ध भए सम्मका स्थानीय क्याम्पसका शिक्षक, राजनीतिक व्यक्ति, अञ्चल र जिल्लास्तरीय कार्यालयका (विकास कार्य सञ्चालन गर्ने) अड्डा प्रमुखहरू र अधिकृतहरू समेतको विभिन्न मितिमा नारायणी अञ्चलका सबै जिल्ला सदरमुकाममा बैठक गरी सङ्कलन गरिएको राय, सुझाव, एवम् अनुभवहरूको आधारमा यो प्रतिवेदन पेश गरिएको छ। कतिपय

विषयमा विभिन्न ठाउँबाट एकै प्रकारको राय प्राप्त भएकोले यसलाई तपसिल बमोजिमको रूपमा तयार गरिएको छ।

**विभिन्न ठाउँका (जिल्ला वा नगरका) समस्याहरू**

(१) कार्यक्षेत्र, आयस्रोत र अधिकारको स्पष्ट रेखाङ्कन नहुनुबाट जिल्ला नगर वा गाउँको बीचमा तनाव र अन्योलको वातावरणको सिर्जना हुन गएको देखिएको छ । यस्तै गाउँका झैं-झगडाहरूका सम्बन्धमा सम्बन्धित गाउँ वा नगर र जिल्ला पञ्चायतको राय लिने परम्परा नभएकोले, वास्तविक न्याय दिन चाहेर पनि काम नहुन जाने गरेको देखिएको छ।

(२) जिल्ला पञ्चायतलाई प्रशासनिक खर्च चल्नेसम्म पनि प्रशासन अनुदान नदिई हचुवा रकम दिने गरेको देखिन्छ । यस्तो रकमले स्वीकृत दरबन्दीबमोजिमका कर्मचारीहरूको तलबसम्म पनि नपुग्ने गरेकोले जिल्लासभा कोष कम भएको पहाडी जिल्लाहरूमा बैठक भत्तासम्म पनि दिन नसक्ने स्थिति देखा परको छ।

(३) पञ्चायती कार्यकर्ताको लागि दिइने तालिममा व्यवस्थाको सिद्धान्त बोध गराउनु पर्ने पञ्चायत प्रशिक्षण केन्द्रले मौरीपालन, कुखुरा पालन र आधुनिक शौचालय निर्माणसम्बन्धी विषयको बोध गराउने गरेको प्रशिक्षण केन्द्रबाट प्रशिक्षित पञ्चहरूमा र विभिन्न तहका कार्यकर्ताहरूमा व्यवस्थाको सैद्धान्तिक (राजनीतिगत) ज्ञानको अभाव देखिन्छ । यसले गर्दा पञ्चायत र राजनीतिक संस्था र सिद्धान्तमा आस्थाहुनेहरूसँग पञ्चायती पीढी (काडर)ले कहिल्यै वैचारिक प्रतिरोध गर्न नसकेको भन्ने आम राय पाइएको छ।

(४) आवधिक योजनाको निमित्त प्राथमिकताक्रम समेत निर्धारण गरी छनोट गरेर पठाउन भनी आदेश गएकोले विभिन्न जिल्ला र नगर वा गाउँस्तरका पञ्चायत संगठनहरूले पाँच वर्षको लागि योजना छनोट गरी पठाए, सोहीअनुसार छैठौं पञ्च वर्षीय (आवधिक) योजना पनि तयार भयो । तर अनुदान र निर्माण सामग्रीहरू निकासा दिदा मन्त्रालयले आवधिक योजनामा परे नपरेको सोको पूर्ण उपेक्षा गरी प्रत्येक वर्ष ठाडो योजनाको सूची मन्त्रालयबाट बनाएर पठाई दिने गरेको र अनुदान पठाउँदा आफूले पठाएको योजनालाई नै पनि अपर्याप्त हुने सामग्री इष्टिमेटसँग मेल नखाने गरी पठाएकोले पञ्चायतहरू मन्त्रालयको निगाहमा भर पर्ने हुन गएका छन् । शक्तिको होड चलेकोले ठाडो आदेशबाट योजना सामग्री र रकमहरू कुनै सानो जिल्लालाई निकै धेरै गएको छ भने कुनै निकै ठूलो जिल्लाको निमित्त निकै कम अनुदान निकासा हुने गरेको छ । त्यति मात्रै पनि नभई कुनै जिल्लामा आवश्यक योजनाको लागि निकै ठूलो धनराशी र सामग्री पठाइएको छ भने कतै ज्यादै आवश्यक र महत्वपूर्ण ठानिने योजना (आवधिक योजनामा प्रथम प्राथमिकता पाएको) को पूर्ण बेवास्ता भएको छ । यसले गर्दा विकास र निर्माणको नाममा अनुदान र सामग्रीहरूको निकै अपव्यय भएको देखिन्छ । यस्तो अवाञ्छित अपव्यय दुरूपयोग र वैयक्तिक स्वार्थ पोषक खर्च गराइएकोले वास्तविक विकासको नाममा राष्ट्रलाई नै ठूलो आर्थिक भार खडा गरेकोमा प्राय पञ्चायत क्षेत्रका व्यक्तिहरूबाट दर्शाइनुका साथै यसमा सुधार नगरिएमा यसबाट व्यवस्थामा आँच आउने प्रबल संभावना देखाइएको छ।

(५) आर्थिक रूपमा ज्यादै नगण्य मालपोत बुझाउन पनि स-साना किसानहरूलाई निकै टाढा टाढाबाट सदरमुकाम आउनु पर्ने, त्यस्तो राजस्व बुझ्ने प्रशासनिक निकायहरूमा भएको ढिलासुस्ती र लापरवाहीबाट निकै समय मात्रै नभई दुई तीन दिन पनि लाग्ने गरेबाट उत्पादक जनशक्तिको सोझै ह्रास हुने गरेबाट यसको उपचारात्मक व्यवस्था आज सम्म नभएको।

(६) विकास अनुदानहरू कामको समयमा नपुग्ने, निर्माण सामग्रीहरू इष्टिमेट साईज र निर्धारित गुणस्तरको नहुने गरेको अनुभवबाट पञ्चहरूमा विकास निर्माणमा अघि बढ्ने बानीमा कमी आउन थालेको छ भन्ने भुक्तभोगी हुँ भन्नेहरूबाट गुनासोहरू प्राप्त भएको छ।

(७) निर्दलीय पञ्चायत व्यवस्थामा कुनै गुट वा पक्ष र विपक्ष नहुने र सो भावना नआओस् भनी तदनकूलको कानूनी व्यवस्थाद्वारा राष्ट्रिय व्यवस्थापिकामा एकै क्षेत्रबाट दुई जना रा.पं.स. निर्वाचन गर्ने हक प्राप्त भएका नागरिकबाट कुनै एक उम्मेदवारलाई मात्रै (एकजना मात्र) दिने गरेको गत आम निर्वाचनको

अनुभवबाट व्यवस्थाले अपेक्षा गरेअनुरूप तलका साथै गुट र पक्ष विहीन एक मात्र पञ्चायती भावनाले संगठित वैमनस्यता रहित राजनीतिक समाजको सिर्जना गर्ने उद्देश्य प्रतिकूल नतिजा, निस्कने स्पष्ट छ। अत: एक मतदाता जसलाई दुई मत दिनु पर्ने कानूनी कर्तव्य छ, त्यस्तोमा एक मात्रै मत प्रदान गरेको भए सो रद्द (अवैध) गर्ने कानूनी व्यवस्था हुनु पर्ने पञ्चायत क्षेत्रको बढी जोडदार माग भएको छ।

(८) विभिन्न मन्त्रालयहरू अन्तरगतका कामहरू गर्नुपर्ने र कार्यान्वयनमा सक्रिय भूमिका खेल्नु पर्ने सम्बन्धित नगर पञ्चायतहरूलाई र गाउँ पञ्चायतलाई आवश्यक अधिकार भने प्रत्यायोजन गरिएको छैन। यसरी अधिकार विहीन जिम्मेदारी तोकिएको व्यावहारिक छ भन्न नसकिने नै देखिन्छ।

(९) विभिन्न विकास कार्यको लागि एक अर्काको निमित्त अधिकारको व्यवस्था हुँदा आन्तरिक विरोधाभास पूर्ण हुन गएको। यसले गर्दा समन्वयको कमी हुन गएको महसुस गरिएको छ। अत: कुनैपनि खासगरी कार्यान्वयन तहका संगठनलाई अधिकार र कार्यक्षेत्र स्पष्ट गरी रेखाङ्कित गरिएको हुनुपर्नेमा सोको पूर्ण अभाव हुन गएको देखिन्छ।

(१०) विभिन्न पञ्चायतमा विभिन्न बर्षमा विभिन्न योजना कार्यान्वयन गर्ने निर्णय भएअनुरूप किस्तावन्दीमा अनुदान गएको देखिन्छ। यसरी अनुदान दिंदा प्राय: प्रधानपञ्च वा जि.पं. सदस्य मार्फत गएकोमा कतिपयमा आधा रकम गएको छ भने प्राय: पूरा रकम नै लगेको देखिएका योजना पनि कुनै नाम निसाना नभै दिएका छन् भने काम नै शुरु नभएका पनि प्रसस्त छन्। यस्तोमा रकम असूल उपर गर्ने कानूनी र संगठनात्मक ठोस अधिकार र दायित्व निधारण हुनुपर्ने देखिन्छ भने अर्कोतर्फ योजना सम्पन्न गरेकोमा पनि समयमा जाँचपास नभएको कारणबाट कतिपय सोझा सीधा पञ्चहरू विकास आयोजना सञ्चालन गर्ने भन्ने विषयमा तर्सन गएका पनि छन्। यसरी एकातिर प्रशस्त अनुदानहरू काम नै नगरी पचाउनेहरू उपर कुनै ठोस र प्रभावकारी कार्वाई नहुनाले रकम दुरूपयोग गर्ने प्रवृत्ति बढेको छ भने अर्को तर्फ इमान्दारी पूर्वक योजना सम्पादन गर्दा पनि फरफारक नगरिदिने जस्ता परम्पराले क्रियाशीलहरूको जाँगर मर्दै गएको देखिन्छ। यसतर्फ बढी ध्यान नदिने हो भने पञ्चायतका स्थानीय संगठनको माध्यमबाट स्थानीय विकास कार्यक्रमको सफल र अपेक्षित उद्देश्य प्राप्त केवल कोरा परिकल्पना मात्रै रहन जाने देखिएको छ।

(११) जिल्ला पञ्चायतका सदस्यहरूको खास काम र कर्तव्यको पनि किटानी भएमा उनीहरूबाट पनि विकास कार्यको सक्रिय प्रभावकारितामा ठूलो मदत हुन जाने देखिएको छ। तर केवल सैद्धान्तिक रूपमा जिल्लाको विकास निर्माणमा जि.पं.को सहयोगात्मक भूमिका रहने भन्ने जस्ता फितला आदर्श वाक्यले कुनै पनि विकास आयोजनामा कुनै पनि संगठन जि.पं.लाई र त्यसका सदस्य सम्मलाई कम जानकारी होस् भन्ने धारणा राख्ने गरेको वर्तमानमा स्पष्ट अनुभव भएकोले यस तर्फ पनि ध्यान जानु अनिवार्य देखिन्छ।

(१२) प्रत्येक आर्थिक बर्षको लागि दिइने विकास अनुदानको रकममा एक रूपता एवम् स्थायित्वको झुकाव भएको अनुभवको आधारमा अबदेखि आगामी बर्षको बार्षिक कार्यक्रमको छनोट गर्ने र यसभन्दा पहिले नै सम्बन्धित निकायलाई आगामी वर्षको विकास कार्यक्रमको निमित्त कति रकम निकासा दिन सक्ने हो सोको पूर्व सूचना दिने परम्परा बसाल्नु पर्ने देखिन्छ।

(१३) जिल्ला पञ्चायतको प्रारम्भ देखिनै प्रशासन अनुदानको बजेट शीर्षकबाट तलब खाने गरी नियुक्ति गरिएका कर्मचारीहरू सबै विकास तर्फका अस्थायी नै छन्। यिनीहरूमा सेवा अवधिको निश्चितता नभएकोले कामप्रति चासो कम राख्ने भई एकातिर सचिवालयको काममा शीघ्रता आउन सकेको छैन भने अर्को तर्फ यस्ता स्थानीय कर्मचारीहरू स्थानीय राजनीतिमा बढी चाख राख्ने र कुनैकुनै गूट वा व्यक्ति पक्षमा संलग्न भई सम्बन्धित संस्थाप्रति भन्दा आफू आश्रित गूट वा आश्रयदाता व्यक्तिप्रति बढी इमान्दारी दर्शाउने खालका हुने भएकोले जि.पं. सचिवालयका कर्मचारीहरु स्थानीय अधिकारीको निर्देशन र प्रशासकीय नियन्त्रणमा नरहने गरेको देखिन्छ। यसरी प्रशासकीय रूपमा प्रमुख भूमिका भएका स्था.वि.अ.हरू आफ्नो दायित्व पूरा गर्नमा पूर्ण असफल हुन गएका पनि देखिए।

अत: यस स्थितिको अन्त्य गर्न प्रशासन अनुदानतर्फका कर्मचारीहरूलाई साधारणमा परिणत गर्नेतर्फ पनि कार्यवाही चलाउने र सो नभए पनि प्रशासन अनुदानतर्फका कर्मचारीलाई एक जि.पं. सचिवालयबाट अर्को जि.पं. सचिवालयको समान पदमा स्था.वि.अ.को सिफारिशमा नियमित रूपमा सरुवा गर्नु पर्ने देखिन्छ।

**समस्या समाधान सम्वन्धमा सङ्कलित सुझाव**

(१) जिल्ला र नगर वा गाउँ पञ्चायतहरूको बीचमा आय सञ्चालन गर्ने क्षेत्रको स्पष्ट रेखाङ्कन गरिदिनु पर्छ। यसमा जिल्लाको क्षेत्र भन्नु नै नगर वा गाउँ नै हो र गाउँ र नगरको क्षेत्र बाहेक जिल्लाको कुनै क्षेत्र नहुने भएकोले के कस्ता कुराहरू जि.पं.ले कुन स्थान (सरदर) सम्ममा ठेक्का लगाउन पाउने हो त्यसको यकिन रूपमा किटान हुनुपर्ने देखिन्छ।

(२) जि.पं.को निमित्त स्वीकृत दरवन्दीअनुसारको प्रशासकीय खर्चहरूलाई पुग्न सक्ने गरी प्रशासन अनुदानको व्यवस्था हुनुपर्ने। प्रायः केही तराईका जिल्लाका गा.पं.स., जि.प.स.हरू बाहेक अन्य जि.पं. र नगर पञ्चायत वा गाउँ पञ्चायतको आफ्नो नीजि आयस्रोत प्रायः भएकोले साधन र स्रोत नभएका जिल्लामा कार्यालयको दैनिक खर्च पनि चल्न नसक्ने भएको तथ्यलाई दृष्टिगत गरी प्रशासन अनुदानको व्यवस्था हुनु पर्ने देखिन्छ।

(३) आवधिक योजनाको निर्धारण भईसकेपछि हचुवा र निगाहको रूपमा केन्द्रबाट सोझै मन लाग्दो रूपमा योजनाको निमित्त विकास अनुदान दिने जस्तो व्यवस्थाको मर्म विरोधी परम्पराको अविलम्ब अन्त्य हुनु पर्ने देखिन्छ। निर्माण सामग्रीकोस्तर र मूल्यसम्वन्धी उपयुक्त जाँच गर्ने काम मात्रै जिल्लाबाट हुनुपर्ने र कुनै कुनै जिल्लाले अनुरोध गरेमा मात्रै केन्द्रबाट निर्माण सामग्री खरिद गरी पठाउने व्यवस्था हुनुपर्छ। अन्यथा यसबाट धेरै जनमिश्रित कुराहरू निस्कन सक्ने देखिन्छ।

(४) नाम मात्रको मालपोत र निश्चित् अङ्कसम्म र स-साना झै झगडाहरू गाउँ वा नगरस्तरबाट नै बुझ्ने र टुङ्ग्याउने व्यवस्था हुनु पर्ने देखिन्छ।

(५) जिल्ला र नगरलाई दिइने अनुदानहरू समयमानै नपुगेमा योजना निर्धारित समयमा सम्पन्न हुन नसक्ने र पछि त्यसको निर्माण खर्च स्वतः बढ्न जाने भई अनुदान नबढ्दा नै योजना अधुरो रहने यथार्थलाई दृष्टिगत गरी निर्माण सामग्री र अनुदान समयमा उपलब्ध गराउन नसकेमा यसको निकासा दिने जिम्मेदारी भएका अधिकारी पनि व्यक्तिगत रूपले अधुरो योजनाको निमित्त दोषभागी हुनुपर्ने र योजनाकै सफल कार्यान्वयनकर्ता र सम्पन्न गर्न नसक्नेहरूलाई आकर्षक रूपमा आर्थिक पुरस्कार र दण्डको व्यवस्था हुनु नितान्त आवश्यक छ।

(६) पञ्चायत व्यवस्थाको राजनीतिक बोध जनतामा गराउने कार्यकर्ताहरूको समूह तयार गर्नुपर्ने र यसको निमित्त हाल पञ्चायत प्रशिक्षण केन्द्रले विभिन्न तहका पञ्च कार्यकर्ताहरूलाई दिने गरेको तालिम व्यवस्था, प्रक्रिया र ढाँचा बिल्कुलै अव्यावहारिक र अनुपयुक्त भएकोले यसमा आमूल परिवर्तन गर्नुपर्ने देखिएको छ।

(७) विकेन्द्रीकरण गर्दा प्रत्येक तहको अधिकारको साथै कर्तव्यको स्पष्ट रेखाङ्कन गरिदिनुपर्ने र यसको दायित्व पूरा नगर्ने र अधिकारको दुरूपयोग गर्ने वा प्रयोग नै गर्न नसक्ने दुवैलाई दण्डको स्पष्ट किटानी गरिनु पर्छ।

(८) पञ्चायतका विभिन्न संगठनहरूलाई अधिकार र शक्तिको विकेन्द्रीकरण गर्दा आर्थिक र सामान्य प्रशासनिक खालका अधिकारहरू र कर्तव्यहरू भन्दा विकास कार्यहरूको कार्यान्वयन गर्नेभन्दा पनि बढी सुपरिवेक्षण र निगरानी राख्ने गराउनु बढी उपयुक्त देखिन्छ।

(९) गा.पं., न.पं.हरूलाई हाल प्रदान गरिएको न्यायिक अधिकार समयानुकूल नभएको र यसको प्रयोग गर्ने क्षमताको विकास नभई सकेको महसुस सबै क्षेत्रबाट गरिएकोले यस्तोलाई हाल स्थगित गर्नु नै बढी उपयुक्त देखिएको छ।

(१०) हाल भई रहेको परम्परा अनुसार कार्यान्वयनस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने गराउने केन्द्रीय संगठनबाट आफ्नो छुट्टा छुट्टै संगठन खडा गर्ने परम्परामा पूर्ण नियन्त्रण गर्दै जाने र यसको सट्टा सम्भावित रूपमा पञ्चायतका संगठनहरूलाई नै सक्रिय बनाउनु र प्रेरित गर्नुपर्ने देखिएको छ। सम्बन्धित कार्यक्रमका कार्यान्वयनकर्ता संगठनहरूले स्थानीय नगर वा गाउँ पञ्चायतहरूलाई सहयोग र साधन उपलब्ध गराई दिने र उद्देश्य नीतिअनुरूप भए नभएको पूर्ण निगरानी गर्ने र नभएमा त्यसको निमित्त को जिम्मेदार हुने हो सोको स्पष्ट छुट्टिने खालको व्यवस्था हुनु बढी उपयुक्त देखिन्छ।

(११) योजनाको निमित्त रकम वा सामग्री बुझ्ने व्यक्तिले योजना लक्ष्य र निर्धारित इष्टीमेट अनुसार सम्पन्न गरेमा पुरस्कार पाउने र सो प्रतिकूल गरेमा घर घरानाबाट फौजदारी मुद्दा सरह गरी असुल उपर गर्ने र कठोर दण्डको व्यवस्था हुनु पर्ने ।

## परिशिष्ट - ३ (ख)

## विकेन्द्रीकरण उप समितिका सदस्य श्री प्रकाशचन्द्र मुखियाद्वारा प्रस्तुत प्रतिवेदन

१. **पञ्च र जन सहभागिता**

(क) पञ्चहरू केही स्थान विशेषत विकसित स्थानमा अधिकारहरू धेरै प्रयोग गर्न उत्सुक छन् भने पहाडी र दुर्गम जिल्लाका पञ्चहरू प्राप्त अधिकार प्रयोग गर्न समेत असमर्थ छन् । त्यसकारण विकास र निर्माणको कार्यमा पञ्चहरूलाई एक रूपमा अग्रसर गराउना निम्ति र प्राप्त अधिकारको समुचित प्रयोग गर्न सक्ने सक्षम पञ्चहरूको छनोट निम्ति (पञ्चहरूको उम्मेदवार निम्ति) सामान्यतया उम्मेदवार हुन साक्षर हुन पर्ने व्यवस्था मिलाउन उचित हुनेछ ।

(ख) जन सहभागिता जुटाउने र श्रमदान गर्ने कार्यमा मात्र स्थानीय पञ्चहरूलाई खोजिन्छ । कसरी पञ्चहरूलाई विकाससँग सम्बन्धित कार्यमा खटिएका प्राविधिक तथा गैर प्राविधिक कर्मचारीहरूलाई सहयोग उपलब्ध गराउने प्रत्यक्ष सहयोगीको रूपमा मात्र हेरिने परम्परा बस्दै आएको छ । यस्तो परम्परालाई स्वस्थ भन्न नसकिने र निर्णय प्रक्रियामा पञ्चहरूलाई प्रत्यक्ष समावेश गर्न नसके विकास र निर्माण दिगो र दरिलो हुन नसक्ने भएको हुँदा पञ्चायतहरूमा गरिने निर्माण तथा विकास योजनाको निर्णय र यसका विभिन्न पक्षमा छलफल हुँदा स्थानीय पञ्चलाई सरीक गराउनु अनिवार्य व्यवस्था हुनु पर्दछ ।

(ग) जिल्लाका कतिपय गाउँ तथा सदरमुकाम क्षेत्रमा अनेकन योजनाहरू केन्द्रीयस्तरबाट पनि सोझै सञ्चालित भइरहेका छन् । यसरी सञ्चालन भएका योजनाहरू सम्बन्धित कर्मचारीहरू केन्द्रबाट खटिएर योजना स्थलमा पुगेपछि मात्र स्थानीय व्यक्तिहरूलाई उक्त योजना बारे अवगत हुने स्थिति पनि देखा परेको छ । त्यस्तो योजनाको बारेमा जस्तै लगत, इष्टमेट, त्यसको फाइदा, निर्माण प्रक्रिया र स्वरूप बारे जनतालाई थाहा नहुने तर कर्मचारीहरूले खटाइएको जिम्मेवारी मात्र सम्हाल्न पर्ने पञ्चहरूको सामान्य जिम्मेवारीमा निहित रहेको छ । अतः यस्तो स्थिति रहन नदिने स्थिति सृजना गर्नु केन्द्रीयस्तरबाट सञ्चालन हुने योजना प्रारम्भ गरिनु अगावै सम्बन्धित कर्मचारीहरूले पञ्चहरूको उपस्थितिमा योजनासँग सम्बन्धित सबै पक्षमा छलफल गर्नु पर्ने अवस्था हुनु पर्दछ । यसो भएमा उक्त योजनाको सफलतामा पञ्चहरूको सहभागिता उदार तथा ऐच्छिक हुनेछ र योजनालाई आफ्नै गाउँ ठाउँको विकास निम्ति एउटा प्रभावशाली माध्यमको रूपमा स्वीकार गर्ने छन् ।

(घ) एकातिर सरकारी वा केन्द्रीयस्तरबाट सञ्चालित कतिपय योजनाहरू ठेकेदार मार्फत सञ्चालन भइरहेका छन् र ठेकेदारहरूले प्रत्यक्ष रूपमा आर्थिक लाभ पनि प्राप्त गरिरहेका छन् । ठेकेदारबाट कामदारहरूले उचित ज्याला पाई आफ्नो दैनिक भोकमरी समस्या पनि समाधान गरिरहेका छन् । अर्कोतिर सोही गाउँ पञ्चायत क्षेत्रमा सञ्चालित विकास योजनामा विना मूल्य श्रमदान गर्नुपर्ने स्थिति पनि देखापरेको छ । यस्तो विरोधाभाष अवस्थामा विना मूल्य जनसहभागिता र श्रमदान उपलब्ध गराउनु असंभव समेत हुन जानेछ । त्यसकारण विकास र निर्माणमा श्रमदान गर्ने ग्रामीण जनताले पनि ठेकेदारबाट लगाइएको कामदारहरूले जति ज्याला पाउँछन् त्यति नै मूल्य बराबरको खाद्यान्न तथा अन्य खाद्य पदार्थ प्राप्त गर्न सक्ने व्यवस्था हुनु पर्दछ । उदाहरणको लागि कतिपय ठाउँमा खानेपानी योजना केन्द्रीयस्तरबाट सम्पूर्ण लगानि बेहोरि गरिएका छन् भने अन्य ठाउँमा

केवल पाइप दिने र सम्पूर्ण श्रमदान जनताले गर्नु पर्ने व्यवस्था राखिएको हुँदा प्रायः यस्ता योजना विफल भएको देखिन्छ ।

२. **पञ्चायत तथा विकास योजना**

(क) जिल्ला पञ्चायतले विकास योजनाको निर्धारण तथा रकम बाँडफाँडमा मात्र ज्यादातर ध्यान केन्द्रित गरेको छ भने अनुदानबाट सञ्चालित योजनाहरू सम्पन्न गराउने तर्फ कम ध्यान दिएको पाइन्छ । अनुदान वितरणमा मात्र जि.पं.को कर्तव्य र जिम्मेवारी समाप्त भएको मानिनु हुन्न । योजना सञ्चालनमा आवश्यक प्राविधिक तथा सामग्री उपलब्ध गराउन पनि प्रमुख कर्तव्य बनाइनु पर्दछ । यसको लागि जि.प.को सम्बन्धित क्षेत्रीय सदस्यबाट योजनाको बारेमा विस्तृत प्रगति प्रतिवेदन महीनाको २ पल्ट जि.पं.मा प्रस्तुत गराइनु पर्ने जि.पं. सदस्यको कर्तव्य थप हुनु पर्दछ र उक्त प्रतिवेदनमा उल्लिखित बाधा अड्चन हटाउन जि.पं.ले प्रशासनिक, आर्थिक, प्राविधिक सहयोग उपलब्ध गराउनु कर्तव्य ठानिनु पर्ने अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

(ख) जिल्लाहरूमा सञ्चालन हुने योजनाहरू अधुरो रहनु पर्ने कारणहरू मध्ये निर्माण सामग्रीको अभाव प्रमुख मान्न सकिन्छ । यसको लागि जि.पं.ले आगामी वर्षमा सञ्चालन हुने विकास योजनाको लगत इष्टिमेट गरी आवश्यकीय निर्माण सामग्री विकास अनुदानबाट नै खरिद गरी जि.पं.मा एउटा डिपो स्थापना गर्नुपर्ने व्यवस्था हुनु पर्दछ । यसरी स्थापित डिपोबाट सम्बन्धित योजना सञ्चालन गर्दा निर्माण सामग्रीहरू समयमै उपलब्ध हुने र वर्षौंसम्म योजना अधुरो रहन जाने स्थिति समाप्त हुन जानेछ ।

(ग) गाउँमा सञ्चालन हुने विकास योजनाको रकम प्रधानपञ्चले जि.पं.बाट ल्याउने र अरू पञ्चहरूलाई थहा नदिई आफ्नै प्रत्यक्ष निगरानीमा रकम उपयोग गर्ने प्रचलन अद्यावधि छँदैछ । यस्तो स्थिति रहेमा प्रधानपञ्चको एकलौटी नियन्त्रण रही अन्य पञ्चहरूलाई अवगत समेत पनि हुन नसक्ने अवस्था आउन सक्छ । त्यसरी ल्याइएको अनुदान बारेमा सम्पूर्ण पञ्चहरूको समक्ष छलफल गर्ने हिसाब किताब राख्ने व्यवस्था हुनु पर्दछ । रकम हिनामिना हुनबाट बचाउना निम्ति बैंकमा खाता खोली प्रधानपञ्च या सम्बन्धित वडा अध्यक्ष र गाउँ पञ्चायत सचिवको संयुक्त दस्तखतबाट खाता सञ्चालन गराइने कानूनी व्यवस्था हुनु पर्दछ । साथै रकमको उपयोगिता निर्धारित कार्यमा भए नभएको लेखापरीक्षण जि.पं.बाट प्रत्येक महीनाको अन्तिममा गराउने व्यवस्था हुनु पर्दछ । संस्थागत रूपमा नभई व्यक्तिगत रूपमा रकम दिने चलनबाट मसौट भई योजना अधुरो रहेको दृष्टान्तहरू ठाउँ ठाउँमा पाइन्छ ।

(घ) जिल्लामा सञ्चालन हुने कतिपय केन्द्रीयस्तरका योजनाहरूको लगत इष्टमेट केन्द्रबाट नै हुने गर्दछ । यस्तो हुँदा जिल्लाको वास्तविक स्थिति र आवश्यकता अनि यथार्थ मूल्य पनि फरक पर्न गई कतिपय योजनाबाट ठेकेदारहरूलाई अनुचित लाभ हुने र कतिपय योजनाको रकम अभाव भई योजनानै अधुरो रहन जाने स्थिति पनि सृजना भएको छ । त्यसकारण विकास आयोजनाको लगत इष्टमेट गर्दा जिल्लाको सदरमुकाममा केही दिन प्राविधिक टोली मुकाम गरी योजना सम्बन्धमा विस्तृत सर्भेक्षण अनिवार्य गराइनु पर्दछ । जसबाट केन्द्रले टेण्डर गरेको दर भाउ र स्थानीय प्रचलित दर भाउमा ठूलो अन्तर हुन नजावस् ।

(ङ) जिल्लामा सञ्चालित विकास योजनाहरू सम्पन्न भइ सकेर पनि समयमा फरफारक हुन नसक्दा पञ्चहरूलाई कठिनाई आइपरेको अनुभव भएको छ । त्यसकारण सम्पन्न भइसकेको योजना ३ महीना भित्र फरफारक गरी सक्नु पर्ने व्यवस्था मिलाउनु पर्दछ । यसको लागि जि.पं.का प्राविधिकलाई आवश्यकीय निर्देशन दिनु पर्दछ । यसरी सम्पन्न भइ सकेको योजना निर्धारित समयमा फरफारक नगरी गैर जिम्मेवारी स्वभाव देखाउने कर्मचारीलाई आवश्यकीय कार्बाई गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(च) कतिपय विकास योजनाको रकम सम्बन्धित गाउँका प्रधानपञ्च तथा जिम्मेदारी लिई रकम बुझ्ने व्यक्तिबाट हिनामिना भएको उदाहरणहरू प्रसस्त देखिन्छ । यस्तो अवस्थामा सामान्य व्यक्तिलाई प्रशासनिक कार्वाई र दवाव दिएको देखिन्छ भने कोहीलाई भनसुनको आधारमा बिलकुलै कार्वाई पनि नभएको देखिन्छ । यसो हुँदा साधारणतया सरकारी रकम मास्ने व्यक्तिमाथि कार्वाई नहुँदा प्रतिकूल असर पर्ने हुन्छ । त्यसकारण विकास अनुदान मास्ने व्यक्तिलाई निष्पक्ष रूपमा प्रशासनिक तथा कानूनी कार्वाई हुने व्यवस्थालाई प्रभावशाली बनाउनु पर्दछ ।

(छ) जिल्लाको नगर पञ्चायत क्षेत्र भित्र सञ्चालन हुने योजनाहरूको रकम जिल्ला पञ्चायत मार्फत दिने र नगर पञ्चायत क्षेत्र भित्र सञ्चालन हुने योजनाको निर्धारण जिल्ला पञ्चायत मार्फत गरिने परम्परा समाप्त गरी नगर पञ्चायतले नै आफ्नो योजना निर्धारण र सञ्चालन गर्न सक्ने व्यवस्था मिलाउनु जरुरी छ ।

३. **गाउँ तथा प्रशासनिक अधिकार**

(क) गाउँ पञ्चायतको दैनिक प्रशासनिक तथा विकासको कार्य सरल तरीकाबाट सञ्चालन गराउने उद्देश्यबाट हाल प्रायशः सबै गाउँ पञ्चायतहरूमा गाउँ पञ्चायत सचिव तथा बहुमुखी विकास कार्यकर्ताहरूको व्यवस्था समेत गरिएको छ । यो व्यवस्थाबाट गाउँ पञ्चायतको कार्य सञ्चालनमा धेरै सजिलोपना ल्याएको छ भने गाउँ पञ्चायत सचिवहरू पूर्ण रूपमा एल.डि.ओ.प्रति जवाफदेही र उनीहरूकै प्रशासनिक अधिकार भित्र रहने व्यवस्थाले सचिवहरू गाउँ पञ्चायतको पदाधिकारीप्रति कम जवाफदेही हुने भावना पनि देखिएको छ । यसो हुँदा पञ्चायतका पदाधिकारी र सचिवहरू बीचमा समन्वय तथा स्वस्थ सम्बन्ध हुन नसकी गा.पं. पदाधिकारीहरूलाई आफ्नै सचिवहरू माथि नियन्त्रण राख्न असजिलो पनि पर्न आउनु स्वभाविकै हो । यो स्थिति गा.पं. पदाधिकारी तथा सचिवको बीचमा पारस्परिक समन्वय एवम् सहयोगको भावना अभिवृद्धि गर्नु गा.पं. सचिवको प्रशासनिक जिम्मेवार एल.डि.ओ माथि नभै गा.पं. प्रधानपञ्चलाई सुम्पिनु उचित देखिन्छ । गा.पं.सचिवहरूको क्या.वि.. र केही हद निर्धारण गरी घर बिदा स्वीकृत गर्ने अधिकार गा.पं. प्रधानपञ्चलाई दिनु पर्दछ । सा-साथै गा.पं.सचिवहरूको गोप्य प्रतिवेदन र कार्यकलाप बारे प्रतिवेदन दिने अधिकार गा.पं. प्रधानपञ्च वा गा.पं.लाई भएमा गाउँ पञ्चायत सचिवहरू गा.पं. पदाधिकारीहरूप्रति बढी जिम्मेवार हुनेछन् ।

(ख) गाउँ पञ्चायतको प्रधानपञ्चहरूले एक किसिमबाट चौबिसै घण्टा भने झै गाउँ पञ्चायतको विभिन्न काममा संलग्न हुनु पर्ने स्थिति छ । यसरी कार्यमा संलग्न रहँदा कतिपय पञ्चहरूले आफ्नो घरायसी तथा व्यक्तिगत खेतीपाती र अन्य व्यवहार सम्हाल्न नसक्ने अवस्था भएकोले कतिपय पञ्चहरूको आर्थिक स्थिति दैनिक बिग्रँदै गएको पनि छ । यसो हुँदा पञ्च कार्यकर्ताहरूलाई विकास र निर्माणमा क्रियाशील हुन आर्थिक असजिलो पर्न गएको छ । त्यसो हुँदा प्रधानपञ्चलाई मासिक पारिश्रमिक सरकारी रकमबाट दिने व्यवस्था मिलाउनु पर्छ भन्ने पञ्चहरूको भावना देखिएको छ ।

यसरी पारिश्रमिक मिलाउँदा तराई र पहाडमा केही पञ्चायतहरूमा आफ्नै स्रोतबाट पनि व्यहोर्न सक्ने क्षमता छ । त्यस्तो पञ्चायतमा आफ्नै स्रोतबाट खान सक्ने कानूनी व्यवस्था मिलाउनु पर्छ । आफ्नो स्रोत र आम्दानी नहुने पहाडी क्षेत्रका गा.पं.हरूमा यसको लागि छुट्टै व्यवस्था सरकारी तर्फबाट गरिनु पर्दछ ।

(ग) विकास र निर्माणको प्रवाह बढी गतिशील हुँदै आएको र हरेक गा.पं.हरूको कार्यक्षेत्र पनि अभिवृद्धि हुँदै आएको हुँदा पञ्चायतको कार्यमा निश्चय नै फराकिलो भएको छ । यस सन्दर्भमा विचार गर्दा पनि पञ्चायतको आयस्रोत नहुँदा आवश्यकीय मसलन्द खर्च समेत नभई प्रशासनिक तथा अन्य कार्वाई गर्नु पञ्चायतलाई अप्ठेरो पर्ने स्थिति भएको हुँदा गा.पं.लाई (जसको आयस्रोत बहुतै कम छ) मसलन्द खर्च तथा पियनको व्यवस्था हुनुपर्ने आवश्यकता देखिएको छ ।

## ४. पञ्चायत तथा कानूनी अधिकार (न्यायिक अधिकार)

गाउँ पञ्चायत ऐनद्वारा गाउँ पञ्चायतहरूलाई केही न्यायिक अधिकार प्रदान गर्ने व्यवस्था पनि भएको छ। अहिले गाउँ पञ्चायतको पदाधिकारीहरूमा यस अधिकारप्रति भिन्दै भिन्दै प्रतिक्रिया पाइन्छ।

गाउँ पञ्चायतले छिनेको आफ्नो अधिकार क्षेत्र भित्रको अधिकार प्रयोग गरी निर्णय भएको कतिपय मुद्दा मामिलामा कानूनी रीत र अड्ग विभिन्न कारणवश पुग्न सक्दैन। यसो हुँदा गा.प.ले छिनेको मुद्दाहरू अदालतमा अपील गर्नासाथ बदर हुने स्थिति छ। यसो हुँदा उक्त कानूनी अधिकार गा.प.ले प्रयोग गर्न नचाहेको स्थिति पनि देखिन्छ।

अर्कोतिर गाउँ घरको यस्तो सामान्य मुद्दा मामिला पनि गा.प.को अधिकार क्षेत्र भित्र नरहे पञ्चायतप्रति स्थानीय व्यक्तिहरूको कुनै आशा र भरोसा पनि नभै गा.पं. केवल एउटा अधिकार विनाको एकाई मात्र पनि हुन जाने सम्भावना हुन्छ। यस्तो पनि भावना देखियो।

यसरी दुवै दृष्टिकोणलाई अनुचित पनि भन्न सकिन्न। गाउँ पञ्चायत ऐनले व्यवस्था गरेको अधिकार प्रभावशाली रूपमा प्रयोग गर्ने र कानूनी मान्यता प्राप्त हुने व्यवस्था गरी गाउँ पञ्चायतलाई प्रदत्त अधिकार यथावत राख्नु उचित हुने कतिपय पञ्चहरूको भावना देखियो। यसको लागि निम्न व्यवस्था हुनु जरुरी छ।

(अ) कतिपय गाउँ पञ्चायतहरूमा श्री ५ को सरकारको नीति तथा राजस्वहरू नपुगी पञ्चहरू अन्योलमा परेका छन्। श्री ५ को सरकारको विकास र निर्माण सम्बन्धित नीतिहरू तथा राजपत्रहरू प्रत्येक गाउँ पञ्चायतमा पुग्ने आवश्यकीय व्यवस्था मिलाउनु पर्दछ।

(आ) गा.पं. सचिवहरूको प्रशिक्षणमा गाउँ पञ्चायत ऐन तथा नियमहरू समावेश गरी सचिवहरूलाई यस विषयमा अवगत गराउनु पर्दछ।

(इ) गाउँ पञ्चायत सचिवहरूलाई जिल्ला सदर मुकाममा समय समयमा भेला गराई कानूनी प्रशिक्षण र निर्देशन दिने व्यवस्था मिलाउनु पर्दछ।

(ई) गाउँ पञ्चायतले आफ्नो अधिकार क्षेत्रको प्रयोग गरी अन्तिम निर्णय गरेको मुद्दाहरूमा गम्भीर कानूनी त्रुटि नभएकोमा बाहेक सामान्यतया अदालतबाट मान्यता नदिने स्वभावमा परिवर्तन गर्नु पर्दछ।

(उ) गाउँ पञ्चायतहरूलाई मुद्दा मामिलाको अड्डा बनाउनु सर्वथा उचित हुँदैन। तर गाउँ घरका सामान्य प्रकृतिको झै-झगडा जो सत्यता र यथार्थको आधारमा निरोपण हुन सक्ने खालका मुद्दा मामिलाको प्रष्ट सिमाङ्कन गरी गाउँ पञ्चायतलाई अधिकार दिनुपर्दछ र यस्तो मुद्दा मामिलामा कुनै थरिलाई मान्य नभई अदालत तथा ठाडो उजुरी गर्न गए गाउँ पञ्चायतको मिसिल झिकाई त्यसलाई आधार मान्ने व्यवस्था हुनु पर्दछ।

## ५. प्रशिक्षणको अनिवार्य व्यवस्था

पञ्चायती व्यवस्था अब नेपालको स्थायी राजनीतिक व्यवस्था भएको र यसैको आदर्श र सिद्धान्तमा विश्वास गरी राष्ट्रिय विकासमा कैयन नेपालीहरू संलग्न भई रहेका छन्। पञ्चायतमा उचित प्रतिनिधित्व गराउने र आम नेपालीले सहभागिता हुन सक्ने गरी निर्वाचनको पनि व्यवस्था भईरहेको छ। यसरी निर्वाचन हुँदा कतिपय पञ्चहरू नौलो र नयाँ व्यक्तिहरू पनि आएका छन्। यस्ता नयाँ पञ्चहरूलाई पञ्चायतको आदर्श, सिद्धान्त, सगठन तथा सवैधानिक र विकास निर्माणसम्बन्धी ज्ञान दिलाउनु प्रत्येक वर्ष जिल्ला सदरमुकाममा प्रशिक्षण शिविरको व्यवस्था मिलाउनु समयानुकूल हुनेछ। यस प्रशिक्षणमा गाउँ पञ्चायतको अधिकार कर्तव्य तथा ऐन नियम सम्बन्धमा विस्तृत जानकारी दिलाउनु पर्दछ। साथै ऐन नियम कानून र निर्देशनहरूको परिधि भित्र रही सही ढङ्गबाट कार्य सम्पादन गर्न सजिलो र सरल तुल्याउन "निर्देशिका" पुस्तिकाको तर्जुमा गर्न ज्यादै लाभदायक हुनेछ।

## ६. पञ्चायत विकास तथा जग्गा कर

केही समय अघि श्री ५ को सरकारबाट लागू गरिएको पञ्चायत विकास तथा जग्गा कर पुनः लागू गर्नु पर्छ भन्ने पञ्चहरूको भावना देखियो। पञ्चायत तथा जग्गा विकास कर उठाउने पहिलो प्रधानपञ्चहरूलाई

प्रदान गरियो । कतिपय ठाउँमा प्रधानपञ्चहरूले प्रभावकारी तथा निश्पक्ष तरीकामा उठाउन सकेनन् र कतिपय ठाउँमा करबाट उठेको रकमको हिसाब किताब पनि राम्रो राख्न सकेनन् । यसो हुँदा यो कर व्यवस्था नै असफल हुन गयो । त्यसकारण अब यो कर मालपोत सरह उठाउने व्यवस्था भई पुन: प्रारम्भ हुनुपर्छ भन्ने पञ्चहरूको भावना छ ।

बालिग मताधिकारको आधारमा निर्वाचन भई खडा भएका गाउँ पञ्चायतहरू अघि अघिको अवस्थामा भन्दा बढी साधनयुक्त र आर्थिक दृष्टिकोणले मजबूत बनाउन अति आवश्यक हुन जान्छ । यस्तो गराउन नसकेको खण्डमा गाउँ पञ्चायतहरू शिथिल हुन जान्छन् र जनता पञ्चायतबाट विमुख हुने सम्भावना रहन्छ । यस दृष्टिले हेर्दा या त श्री ५ को सरकारले प्रत्येक गाउँ पञ्चायतलाई यथेष्ट रूपमा अनुदान दिनु पर्‍यो या त पञ्चायत विकास जग्गा कर लागू गरी आर्थिक टेवा दिनु पर्‍यो । अर्को विकल्प देखिदैन ।

२०२२ सालमा पञ्चायत विकास जग्गा कर ऐनको तर्जुमा गरी झापामा पहिले बुधबारे १ र अन्य २ गाउँ पञ्चायत र त्यसपछि क्रमश ९ गाउँ पञ्चायत गरी १२ गाउँ पञ्चायतमा लागू गरिएको यस करलाई पछि अधिराज्यको अन्य जिल्लाहरूमा लागू गरियो । तर यसले उद्देश्यअनुरूप सफलता हासिल गर्न सकेन । फलस्वरूप श्री ५ को सरकारले यसलाई स्थगित गर्नु पर्‍यो ।म

२०२२ सालमा बनेको यो ऐन कतिपय कारणले व्यावहारिक तथा वैज्ञानिक छैन । खास गरी बाली निर्धारण गर्ने प्रक्रिया र कर नतिर्नेलाई कानूनी कार्वाई गर्ने व्यवस्था नभएको हुनाले यस ऐनलाई बढी व्यावहारिक, वैज्ञानिक र सरल बनाउने तर्फ ऐनमा संशोधन हुन अनिवार्य भएको छ । त्यसपछि मात्र यो कर लागू गर्न उपयुक्त र लाभदायक हुन जान्छ ।

उपरोक्त पञ्चहरूको सुझावहरू प्रभावशाली रूपमा कार्यान्वयन हुन सके विकेन्द्रीकरण योजना अझ सफल हुन सक्ने छ ।

## परिशिष्ट - ३ (ग)
## विकेन्द्रीकरण उप समितिका सदस्य श्री ओंकारप्रसाद गौचनको प्रतिवेदन

१. **क्षेत्रीय भ्रमण**

१.१ समितिको निर्णयअनुसार धौलागिरी अञ्चलको बागलुङ जिल्ला र म्याग्दी जिल्लाको भ्रमण गर्‍यो ।

१.२ भ्रमणको अवधिमा माननीय रा.प. सदस्यहरू, भु.पू. तथा वर्तमान जि.पं. पदाधिकारीहरू, गा.प. पदाधिकारी, सामाजिक कार्यकर्ताहरू, बुद्धिजीवीहरू, प्रतिष्ठित व्यक्तिहरू, कर्मचारीहरूसँग सामूहिक तथा व्यक्तिगत भेटघाट गरी छलफल गरियो ।

१.३ छलफलको क्रममा नेपालको संविधानअनुरूप व्यवस्थाको आधारभूत सिद्धान्त प्रजातान्त्रिक विकेन्द्रीकरण, समय समयमा विकेन्द्रीकरणको लागि भएका प्रयासहरू, श्री ५ महाराजाधिराज सरकारबाट समय समयमा विकेन्द्रीकरणको सम्बन्धमा हुकुम भएका निर्देशनहरू तथा केन्द्रीय पञ्च भेला २०३८द्वारा यस विषयमा पारित प्रस्ताव बारे पनि छलफलको लागि आधार निमित्त प्रथमत: चर्चा गरियो ।

२. **क्षेत्रीय भ्रमणमा उपलब्ध हुन आएको राय**

क्षेत्रीय भ्रमणको क्रममा आयोजित भेटघाट, सम्पर्कमा विभिन्न महानुभावहरूद्वारा प्रकट गरिएका राय, सुझाव, अभिव्यक्ति तल प्रस्तुत गरिएका छन् :

२.१ **कृषिसम्बन्धी**

२.१.१ क्षमतायुक्त व्यक्तिलाई मात्रै कुनै कार्य सम्पादन गर्नुपर्ने ओहदामा लगाइयोस्, सिद्धान्त वा नियम पुऱ्याउने उद्देश्यले अथवा नियम वा उद्देश्यको आधारमा व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै कार्य नहोस् ।

जस्तै बागवानी, अन्नखेती विषय लिई एस.एल.सी. परीक्षा उत्तीर्ण व्यक्तिलाई जे.टी.ए. नियुक्ति गरिन्छ, तर क्रियात्मक ज्ञान र आवश्यक न्यूनतम ज्ञान नभएकोले गाउँमा कुनै उपयुक्त काम गर्न सक्दैन । त्यो भन्दा पन्चहरूलाई नै अगुवाई तालिम दिई खेतीपातीसम्बन्धी रोग, पशुचिकित्सा, साधारण स्वास्थ्य रक्षाको तालिम दिइयोस् ।

त्यस्तै पन्चायत समिति एवम् बहुमुखी कार्यकर्तालाई सामान्य ग्रामीण सीपको लागि प्राविधिक तालिम दिनु जरुरी छ, यस्तो पूर्व तालिम बिना अधिकारी वर्गबाट नियुक्तिको अधिकार प्रयोग नहोस् ।

**२.१.२ कृषि विकास बैंक**

कार्यक्षेत्र, कर्तव्य, अधिकार प्रक्रिया निर्धारित भएको कार्य सन्चालनमा समस्या छैन-

जस्तै कृषि बैंकको कार्यालयस्तरअनुसार ऋण लगानीमा निश्चित् हद भएकोले ऋण लगानीमा समस्या छैन । तर सच्चा किसान पत्ता लगाउन समस्या आइ पर्छ । जे.टी.ले सिफारिश गरेकोलाई ऋण दिने गरेको छ । ऋणको सदुपयोग भै राखेको छ, दुरुपयोग गर्नेलाई कार्वाई गर्न प्रशासकीय सहयोग आवश्यक छ । नापी नभएको जिल्लामा ऋण दिदा ७५% रकम नै डुब्ने सम्भावना हुन्छ ।

कुनै किसिमको कानुनी सहुलियतको दुरूपयोग नहोस् तथा कानुनबमोजिम असूली गर्नुपर्ने रकम ऋण कार्य सजिलैसंग हुन सक्ने गरी सरल- प्रक्रिया अपनाउनु पर्नेछ ।

जस्तै कृषि ऋणको दुरूपयोग भै राखेकोले, सो नगराउन "मोटिभेशन" हुनु पर्दछ, असूली गर्ने क्रममा धितो लिलाम गर्नु परेमा लामो प्रक्रिया छ त्यसैले अलि समस्या छ ।

विकासमूलक कार्यक्रमहरूको निर्धारण गर्दा पन्चायत व्यवस्थाको मूलाधार गाउँ पन्चायतको एकाई वडा समिति वा वडालाई दृष्टिमा राख्ने गर्नु पर्छ, -

जस्तै ऋण लगानी प्रक्रिया अलि लामो भएकोले दूरवर्ति वडाका साना तथा गरीब किसानहरूलाई मर्का पर्छ । कृषि ऋणको लागि जिल्ला कृषि विकास समितिले वडाको मागको आधारमा तयार गरेको मागअनुसार ऋण उपलब्ध गराउनु पर्छ । यस्तो गर्न उपलब्ध रकम पुग्दैन ।

निर्धारित कार्यक्रम सन्चालन गर्न आवश्यक सामग्री समयमै उपलब्ध गराई दिने व्यवस्था हुनुपर्दछ ।

जस्तो कि आवश्यक पशुचिकित्साको लागि आवश्यक बजेट पनि नहुने तथा आवश्यक र उपयुक्त औषधी समयमै आइ नपुग्नाले निरोधात्मक तथा सामान्य चिकित्सा समेत गर्न नपाई कर्मचारीले विना काम बसी बसी तलब खानु पर्ने,

त्यस्तै मल, बीउ समयमै आई पुग्दैन, (कृषि सामग्री संस्थान), ढुवानी खर्च नभएकोले जिल्लाको सदरमुकामबाट बाहिर टाढा लग्न नपाइने भएकोले जनतालाई असुविधा,

वैकल्पिक - बीज वृद्धि कार्यक्रम अन्तरगत वितरणकेन्द्र स्थानीय रूपले खारेज होस्, आगामी आ.ब.को लागि चाहिने सामग्री, अघिल्लो आ.ब.मा नै उपलब्ध गरिराख्नु पर्ने ।

**२.२ भूमिसम्बन्धी**

२.२.१ बन, पर्ती जग्गा, चरण इत्यादिको रेखदेख गर्ने अधिकार गा.प.लाई हुनुपर्दछ । किनभने

- बन सीमाङ्कनरेखा पछाडि हटाउने, गरिएको छ,
- अमीनलाई चित्त बुझाए बुटचान खन्यान भए, चित्त नबुझाए बुल्ट खन्यान बुटचान भए ।
- रेन्जरले रेखदेख पुऱ्याएन, पन्चायतले चासो राखेन ।

**२.३ बनसम्बन्धी**

२.३.१ बन, पन्चायती बनको चर्चा छ तर कार्वाई केही भएको छैन । पन्चायत र तालुकदारको आँखामा बन छन् । तर त्यसको संरक्षण गर्न कोही पनि लागेको छैन ।

- बरु चितैदार, तालुकदार, मुखियाले बनको संरक्षण गरेको थियो ।
- जनताले माथि उठाई संरक्षण गरेको बन, रेन्जरले टाँचा हाली बन ढलाए ।

२.३.२ नापी/रेन्जर/वन पाले मिलेर डिमार्केशन लाइन पछाडि हटाउँछ।

- बनहरू व्यक्तिको नाममा दर्ता गराएको छ।

२.३.३ रानीवन, पञ्चायती वन, वडा वन छुटघाइयोस्।

- पुरानो रानीवन व्यक्तिगत भएका छन्।

२.३.४ सात दिने पूर्जीको म्याद काम लागेन। पूर्जीको म्याद बाटैमा खत्तम हुन्छ।

- वन पालेद्वारा सनाखत गराई मात्र पूर्जी प्रयोग गर्नुपर्छ। निसिबुजी जस्तो ठूलो क्षेत्रको लागि पनि एक जना मात्रै वन पालेको व्यवस्था छ।

२.३.५ जलहन घरसंघाको पूर्जी गा.पं.बाट नै दिने गर्नुपर्दछ।

- पञ्चायतको निगरानीमा रहँदा वन जस्ताको तस्तै थियो। तर डी.एफ.ओ.ले पूर्जी काट्ने भएपछि वन सखाप छन्।
- पूर्जीको लागि गा.प.को सिफारिश चाहिन्छ भनिन्छ, तर लिइदैन। त्यसैले पञ्चायतले संरक्षण गर्न सक्दैन।
- रु. १/- को टिकट टाँसी २० औं हजारको रुख काटे।

२.३.६ सरकारी वन, रानी वनको सनद मन्त्रालयले नासे।

२.३.७ पूर्वको कर महँगो भयो।

२.३.८ निजी वनको रुख काट्न नपाइने व्यवस्थाले मर्का परेको छ।

- ४।५ ओटा मात्रै रुख भएपनि नापीले वन भनी नापी नगर्ने चलन चल्यो।

२.३.९ वन डिभिजन हटाए पनि हुन्छ। रेन्जर कार्यालय १-१$^{१}/_{२}$ वर्ष रह्यो भने वन सखाप हुन्छ।

- रेन्जर कार्यालयको बजेटबाट वन सुरक्षा गार्ड प्रहरी राखियोस्।
- निसीबुजी जङ्गल सखाप भएको छ।

२.३.१० सामुदायिक वन कार्यक्रम अन्तरगत पञ्चायती वन र पञ्चायत संरक्षित वन छन्। यस अन्तरगत वन विभागले नर्सरी स्थापना गरी वृक्षारोपण गर्ने योजना छ। वृक्षारोपणमा जनसहभागिता जुटाउने र वृक्षारोपणको लागि आएको रकम जनतालाई प्रत्यक्ष लाभ हुने कार्य-स्कूल भवन निर्माण तथा मर्मत, हेल्थ पोष्ट निर्माणमा लगाउन मुनासिब देखिन्छ।

२.३.११ सं.२०१८ सालको निर्णयानुसार रु. ५०।- बिगो मुद्दा रेन्जरले हेर्ने अरू मुद्दा डी.एफ.ओ.ले हेर्ने गरेकोले मुद्दा पेन्डिङमा रहेको छ।

२.३.१२ फरेष्टरहरू नभएकोले एस.एल.सी. पास गरेकालाई भर्ना गरिन्छ, त्यसैले दुर्गमस्थानमा काम भएको छैन।

क्षेत्र तोकेर कर्तव्य निर्धारण - रुख लगाउने, रक्षा गर्ने, आम्दानी गर्ने, आम्दानीको अंश श्री ५ को सरकारमा बुझाउने रायको सन्दर्भमा श्री ५को सरकारलाई नदिने राय अभिव्यक्त।

## २.४ विकास तथा प्रशासनिक अधिकार

२.४.१ बहुमुखी कार्यकर्ता तथा गा.पं. सचिवबाट कुनै किसिमको काम भएको छैन, रेकर्ड भताभुङ्ग छ।

२.४.२ सचिव सरकारी भएकोले पञ्चायतमुखी छैन।

२.४.३ पञ्चायत सचिवमा एस.एल.सी.पास नै जरुरी छ भन्नु उचित हुँदैन।

२.४.४ योजना जन आवश्यकतानुसार जिल्लाबाट नै तर्जुमा, छानबिन, स्वीकृत र बजेटको बाँडफाँड हुनु पर्दछ। जिल्लाको योजना केन्द्रबाट छटनी हुनु हुँदैन।

२.४.५ गाउँस्तरीय योजनाको लागि पेश्की दिने कुरा अध्यक्षको मन्जूरनामाको आधारमा सचिवलाई पेश्की दिनु पर्दछ।

२.४.६ श्री ५ को सरकारको विभिन्न क्षेत्रीय निर्देशनालयहरू अधिकार कर्तव्य विहीन हुँदा विकास, र प्रशासनिक काममा ढीलासुस्ती बढेको छ।

- त्यसैले आवश्यकता छैन

२.४.७ जिल्ला स्थित कार्यालयहरूलाई पदअनुसारको अधिकार र कर्तव्य नभएकोले विकास काममा ढीलो हुन गएको छ ।

- त्यसैले कर्मचारीहरूमा स्पष्ट कार्य विभाजन, कार्य दायित्व हुनुपर्दछ ।
- एक ठाउँबाट इष्टिमेट हुने, अर्को ठाउँबाट टेण्डर आह्वान गर्ने, फेरि अर्कोबाट टेण्डर स्वीकृत गर्ने जस्ता परिपाटी अविश्वासको द्योतक हो ।

२.४.८ कहीं बढी कर्मचारी, कहीं कम कर्मचारी भएर काम भएको छैन ।

२.४.९ कामको प्रकृति, बोझ, आयतन विचार गरी बजेटको व्यवस्था नहुने गर्दा, काममा सक्रियता ल्याई जनोपयोगी बनाउन सकिएको छैन ।

- हस्पिटलमा कपास बने जस्तो कुरा पनि जनताद्वारा फिंजाउनु परेको छ, अ.न.मी. नर्स छैन । एक्स-रे चलाउन रेडियो ग्राफर छैन, इत्यादि ।

२.४.१०. माथिल्लोस्तरको कार्यालयबाट तल्लोस्तरको कार्यक्षेत्रमा हस्तक्षेप हुने गर्दा पनि निरुत्साही र ढीला सुस्ती बढेको छ ।

## २.५ पञ्चायत

२.५.१ पञ्चायतलाई अधिकार सम्पन्न तुल्याई प्रभावकारी बनाउनु पर्दछ ।

२.५.२ गाउँ पञ्चायतको अधिकार कर्तव्य निर्धारण हुनु पर्दछ । यसको गतिविधिमा जि.पं.बाट निर्देशन र नियन्त्रण हुनु पर्दछ ।

२.५.३ जनतालाई पञ्चायतमुखी बनाउन गा.पं.लाई अधिकार सम्पन्न गरियोस ।

२.५.४ विकास र निर्माण कार्यमा मात्रै सीमित गर्नु पर्दछ, अदालती कार्वाईमा होइन, किनभने पञ्चायत सचिव कच्चा नै हुन्छ ।

२.५.५ गा.पं.द्वारा सम्पादित विकास प्रशासनसम्बन्धी अपील जि.पं.मा आओस् । न्यायिकसम्बन्धी अपील अदालतमा आओस् ।

२.५.६ पञ्चहरूले पनि बुझ बुझारथ अनिवार्यतः गर्ने व्यवस्था होस् ।

२.५.७ जिल्ला पञ्चायतबाट आवश्यक तथा उपयुक्त निर्देशन नियन्त्रण हुनु पर्दछ ।

२.५.८ पञ्चको र पञ्चायतको मूल्याङकन गर्ने उपाय र आधारको व्यवस्था होस् ।

२.५.९ प्र.पं.लाई पारिश्रमिक, अरूलाई बैठक भत्ताको व्यवस्था होस् । न्यायिक काम गराउने नै हो भने पारिश्रमिक त झन दिनै पर्छ ।

२.५.१०. गा.पं. सचिव पञ्चायतमुखी भएन, गा.पं.ले पञ्चायत सचिवलाई नियन्त्रण गर्न सकेको छैन ।

२.५.११ योजनाको रकम अध्यक्षको सिफारिशमा पञ्चायत सचिवलाई पेश्की दिइयोस् ।

- दशौं वर्षदेखि योजना कार्यान्वयनमा लगेको अनुदानबाट योजना पूरा भएको छैन । यस्तो योजना पूरा गरियोस् ।

२.५.१२ कहीं दिएको अधिकार प्रयोग भएको छैन भने कहीं कमजोरीलाई अधिकारको क्षेत्रमा दबोचेको छ । अधिकारको प्रयोग कानूनी राज्यको सिद्धान्तलाई मनन गरी प्रयोग गर्ने गराउने व्यवस्था होस् ।

२.५.१३ पञ्चायतको कर्तव्य, अधिकार निर्धारित हुनु पर्दछ ।

२.५.१४ प्रशासनको निर्देशन, हस्तक्षेप, नियन्त्रण नहोस् ।

## २.६ न्यायिक अधिकार

२.६.१ पञ्चखत बाहेकको – सानातिना खालका, मिलापत्र गराउने खालको मुद्दासम्बन्धी, सांध, सिमाना, पानी, ढल, कुलोसम्बन्धी साधारण न्यायिक अधिकार । कुटपीट, मुनाफाखोरी, कालो बजारी ।

२.६.२ गा.पं.ले मुद्दा सम्बन्धमा गरेको निर्णयलाई मान्यता दिनु पर्दछ ।

२.६.३ विकास र प्रशासनसम्बन्धी मुद्दा जि.पं.मा अपील लागोस् न्यायिक अपील अदालतमा नै जाओस् । अपील दिदा पञ्चायतको सिफारिश आवश्यक हुनु पर्दछ ।

२.७ आर्थिक

२.७.१ आर्थिक सालको अन्त्य पनि चैत्रमा नै गरियोस् ।

२.७.२ जिल्लाभरिको स्वीकृत कार्यक्रमको बजेट जिल्लामा एकैचोटी प्राप्त हुनु पर्दछ र जिल्लाबाट नै क्रमशः प्रगतिको आधारमा बजेट निकासा गर्ने अधिकार हुनु पर्दछ ।

२.७.३ आर्थिक स्रोत :

(१) वन (२) घाट कर (३) भरिया दस्तूर

(४) वन पैदावार दस्तूर (५) नदी पैदावार संग्रह दस्तूर ।

२.७.४ मालपोत उठाउने अधिकार पञ्चायतलाई दिनुपर्ने, उठतीको केही प्रतिशत पञ्चायतलाई दिने ।

२.८ विविध

२.८.१ ऐन कानूनमा व्यवस्था भएअनुसार काम हुने गर्नुपर्‍यो, नगर्नेलाई सजाय दिने दृष्टिले कानूनमा व्यवस्था हुनुपर्‍यो ।

२.८.२ विकेन्द्रीकरणको क्रममा विचार गर्दा पक्षपात गर्न नसकिने व्यवस्था हुनु पर्दछ ।

२.८.३ पञ्चलाई होइन, पञ्चायतलाई नै तालिम देओस् ।

२.८.४ कार्य बोझको अनुपातको तुलनामा बढी स्टाफ र कर्मचारी अस्थायी भएकोले कार्यालयहरूमा काम राम्ररी भएको छैन ।

२.८.५ कर्मचारीको लागि कार्य विभाजन र कार्य सम्पादन नियममा नै तोकि दिनुपर्ने, प्रत्यायोजन गर्ने तरीका, प्रक्रिया हुँदैन ।

२.८.६ पद अनुसारको काम, कर्तव्य र अधिकार हुनु पर्दछ ।

२.८.७ तोकिएको अधिकार भएपनि केन्द्रबाट हस्तक्षेप हुनु हुँदैन ।

२.८.८ क्षेत्रीय निर्देशनालयहरू अधिकार विहीन हुँदा उपयोगितापूर्ण छैन ।

## ३. उपलब्ध रायको निचोड

माथि प्रस्तुत सङ्कलित रायहरू, मन्तव्यहरूबाट के दृष्टिगोचर हुन आउँछ भने पञ्चायत एकाईसंग सम्बन्धित कतिपय महानुभावहरूले पञ्चायतको हरेक तहको अधिकार र कर्तव्य निश्चित रूपले निर्धारित हुनु पर्छ भन्ने धारणा लिएको छ भने , कानूनद्वारा प्रदान भएको कर्त्तव्य सम्पादन नभएको तथा अधिकार राम्ररी प्रयोग नभएको पनि देखिन्छ ।

पञ्च तथा कर्मचारीहरूले सरकारी प्रशासनिक कार्यमा अनावश्यक रूपले बीचमा तहहरू कायम गरिएको कारणले विकास कार्यमा ढीलासुस्ती बढेको मात्र नभै, अनावश्यक प्रशासनिक कार्य बोझ बढी खर्च पनि बढ्दै गएको छ भन्ने धारणा पनि अभिव्यक्त भएको छ । त्यस्तै कार्यबोझ भन्दा कर्मचारी बढेकोले काममा चाँजो पाँजो नमिली जनशक्तिको दुरूपयोग भै राखेकोमा पनि गुनासो देखिएको छ ।

कर्मचारीहरूलाई पञ्चायतमुखी बनाउनु पर्ने तथा पञ्चायतहरूप्रति जनआस्था बढाउन दिने हो भने पञ्चायतहरूलाई विशेष अधिकार सम्पन्न तुल्याउनु पर्ने विश्वास पनि टडकारो छ ।

कुनै निकाय वा पदाधिकारीहरूले गर्नुपर्ने कार्यहरू ऐन कानूनमा नै स्पष्ट तोकिनु पर्ने तथा यसरी तोकिएबमोजिमका कार्यहरू सम्पादन नगर्ने माथि कारवाई गर्ने गरी कानूनमा नै व्यवस्था हुनुपर्ने, र यसरी कर्तव्य र अधिकार निर्धारण गरिंदा अलमलिने गरी दोहोरो पार्नु नहुने र माथिल्ला वा कुनै क्षेत्रबाट कुनै निकायको कार्य सम्पादनमा हस्तक्षेप गर्न नहुने कुरा पनि प्रकट भएको छ ।

## ४. विकेन्द्रीकरणको आवश्यकता, उद्देश्य र आधार स्रोत

### ४.१ आवश्यकता

(१) नेपाली जनताको सर्वोत्तम हित र समुन्नति तथा सुख र समृद्धिको लागि ।

(२) लोक सम्मति अनुकूल शासन व्यवस्था चलाउन ।

(३) नेपाली समाजलाई अग्रगामी बनाउन ।

(४) शासन व्यवस्थामा सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउन ।

(५) राजनीतिक समानता हरेक नागरिकको जन्म सिद्ध अधिकार हो भन्ने धारणा जगाउन ।

(६) व्यक्तिगत तथा सामूहिक हितको निम्ति आर्थिक स्वतन्त्रता अनिवार्य हो भन्ने धारणा जगाउन ।

(७) समान अवसरको आधारमा नेपाल अधिराज्यका विभिन्न क्षेत्र बीच सन्तुलित विकास गर्न

(८) विकास अभियानमा जन सहभागिता जुटाउन ।

(९) व्यक्तिगत स्वतन्त्रता, राष्ट्रियता, सार्वभौमिकता, संस्कृतिको संरक्षण गर्न ।

### ४.२ उद्देश्य

(१) सर्व साधारण जनतालाई जागरुक र चेतनशील बनाई प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई सम्मिलित गराउनु ।

(२) व्यापक राष्ट्रिय दृष्टिकोणबाट सामन्जस्यतापूर्ण दलविहीन प्रजातान्त्रिक, गतिशील, शोषण रहित समाजको सिर्जना गर्नु ।

### ४.३ आधार

(१) राष्ट्रिय सार्वभौमसत्ताका प्रतीक श्री ५ महाराजाधिराज सरकार

(२) देशको मूल कानूनरूपी नेपालको संविधान

## ५. विकेन्द्रीकरणको प्रक्रियामा मार्ग दर्शनको लागि आधारभुत सिद्धान्त

### ५.१ सोद्देश्य एकाईहरू

(१) प्रशासनिक (विभिन्न कार्यालयहरू) वा राजनीतिक एकाईहरू (विभिन्न तहका पञ्चायतहरू) जुन उद्देश्यले संगठित भएका हुन्छन्, ती उद्देश्य परिपूर्ति गर्न वा हासिल गर्न आवश्यक कार्यक्रम तर्जुमा तथा चयन गर्न, कार्यान्वयनको लागि खुलस्त प्रष्ट प्रक्रिया अपनाउन, तथा आवश्यक अर्थ सङ्कलन तथा व्यवस्था गर्न आ-आफ्नो उत्तरदायित्वमा यी एकाईहरू कार्यक्रम कार्यान्वयन गर्न स्वतन्त्र हुनुपर्दछ ।

### ५.२ विभिन्न तहको सम्बन्ध

(१) उपल्लो तहको एकाईहरूले लगत्तै तल्लो तहका एकाईहरूबाट सामयिक प्रतिवेदन प्राप्त गर्ने, प्राप्त प्रतिवेदनहरूको नीतिगत आधारहरूमा स्वीकृत प्रक्रिया तथा प्रतिपादित नियम कानून, सिद्धान्तहरूको अध्ययन गरी विश्लेषण गर्ने तथा एकमुष्ट तुलनात्मक प्रतिवेदन तयार गर्ने, समय समयमा आवश्यकतानुसार सल्लाह, निर्देशन दिने तथा निरीक्षण आवश्यकतानुसार स्पष्टीकरण लिने गर्नु पर्दछ ।

(२) सबै साधारण पदहरूको, विशेष पदहरूको, कार्यालय तथा विभागीय प्रमुखहरूको तथा तिनीहरूको लगत्तै तलका सहयोगीहरूको कार्य, अधिकार, उत्तरदायित्व र कार्यविधि तोकिनु पर्दछ ।

### ५.३ जिल्लास्तरीय कार्यालयहरू

(१) श्री ५ को सरकारका जिल्लास्थित कार्यालयहरू मध्ये प्र.जि.अ.को कार्यालयको उत्तरदायित्वमा जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, सबै किसिमको गैर कानूनी गतिविधिलाई दुरुत्साहन गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, कार्यालयहरूको बीचमा कार्यक्रममा सामन्जस्य तथा समन्वय ल्याउने, त्यस्तै जिल्ला पञ्चायत र कार्यालय वा कार्यालयहरूको बीचमा आवश्यकतानुसार सामन्जस्यता ल्याउने, प्रत्येक कार्यालयको कार्य प्रगतिको प्रतिवेदन लिने, प्रगति विवरण अध्ययन गरी सन्तोषप्रद भए नभएको कारण समेत खोली सम्बन्धित कार्यालयमा आफ्नो राय सुझाव साथ सम्बन्धित मन्त्रालयमा पठाउने व्यवस्था हुनु पर्दछ ।

तर अरू सबै जि.का.हरू आफ्नो सम्बन्धित क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न गराउन स्वतन्त्र हुनेछन् तथा जि.प. वा गा.प.लाई योजना तर्जुमा गर्न, छनौट गर्न, कार्यान्वयन गर्न, प्राविधिक, प्रशासनिक कानूनी, सल्लाह सुझाव दिने हुनु पर्दछ।

(२) प्रत्येक कार्यालयले जिल्लासभाको सामयिक अधिवेशनमा आफ्नो कार्यक्षेत्रमा भएको प्रगति, आइपरेका समस्या तथा बाधाहरू, बाधा तथा समस्या समाधानका उपायहरू, आगामी अवधिमा गरिने कार्यक्रमहरूसम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था हुनुपर्दछ।

(३) जिल्ला पञ्चायतले लिखित मागेको सल्लाह, स्पष्टीकरण दिनु प्रत्येक कार्यालयको कर्तव्य हुनु पर्दछ। कुनै विश्वसनीय कुरा भए "गोप्य" भनी जनाई दिए पुग्छ खुलाई रहन आवश्यक पर्दैन।

## ५.४ जिल्लास्तरीय योजना

जिल्लाको सम्पूर्ण साना, ठूला योजनाहरू जि.पं.बाट स्वीकृत हुनु पर्दछ। तर यस्तो सबै योजनाहरूको सम्भाव्यता, उपयोगिता, लगानी, विकल्परहितता बारे सम्बन्धित कार्यालयको सहमति हुनु पर्दछ। सहमति नभएको तर्क र कारण सहित खोली लिखत योजना साथ संलग्न गरी आफ्नो तालुक मन्त्रालय, विभागमा समेत पठाइनु पर्दछ।

## ५.५ आर्थिक नियन्त्रण

स्वीकृत योजनाको लागि श्री ५ को सरकारबाट प्राप्त हुने रकम योजनासम्बन्धी कार्यालयले प्रगतिको आधारमा निकासा गर्ने व्यवस्था हुनु पर्दछ।

सामान्यतः प्रगतिको आधारमा निकासा गर्न नमिल्ने देखिएतापनि अरू विभिन्न कारणहरूको औचित्यताको आधार जि.प.ले बहुमतद्वारा निर्णय गरेको सिलसिलामा जि.पं. सभापतिले दिने भनी निर्देशन गरेको जि.पं. सचिवले प्रमाणित गरी पठाएमा कार्यक्रमअनुसार बाँडफाँड गरिएको रकम अघिल्लो पटक जुन स्तरसम्मको लागि निकासा भएको हो, त्यो भन्दा अगाडिको कार्यक्रमको रकम निकासा गरी दिन सक्ने व्यवस्था हुनु पर्दछ।

## ५.६ हस्तक्षेप हुनु नहुने

कुनै ऐन नियम कानूनले कुनै निकाय वा पदाधिकारीलाई कुनै कार्य सम्पादन गर्ने गरी तोकि अधिकार र कर्तव्य सुम्पिएको छ भने त्यस्तो अधिकार प्रशासनिक दवाव वा अधिकार प्रयोग गरी त्यस्तो अधिकार प्रतिसंकरण गर्न वा हस्तक्षेप गर्नु हुँदैन। तर कार्य सम्पादन गर्न खोज्दा परिआएको बाधा अड्काउ फुकाई दिन वा आवश्यक निर्देशन दिनु पर्दछ ता कि कार्य सम्पादन गर्न सजिलो होस्।

## ५.७ कार्य सम्पादन नियमावली तथा कार्य विभाजन नियमावली

श्री ५ महाराजाधिराज सरकारबाट स्वीकृत भएको कार्य सम्पादन नियमावलीबमोजिम श्री ५ महाराजाधिराज सरकारबाट स्वीकृत भएको श्री ५ को सरकारको कार्य विभाजन नियमावलीअनुसार श्री ५ को सरकारले आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा श्री ५ को सरकारको सेवामा रहेका सबै पदाधिकारीहरूलाई कार्य छिटो छरितोसँग सम्पादन गर्ने उद्देश्य राखी अधिकार प्रत्यायोजन गर्नु पर्दछ।

यस्तो अधिकार प्रत्यायोजन गर्दा कुन शाखा, पदाधिकारीले के, कस्तो, कति काम कसरी सम्पादन गर्ने त्यस्तो स्पष्ट उल्लेख गरिदिनु पर्दछ।

## ५.८ विकेन्द्रीकरण समिति

विकेन्द्रीकरणको प्रक्रिया क्रमिक रूपले लागू गर्दै लैजाने क्रममा यसका असर, समस्या, अध्ययन गर्दै सुझाव दिँदै रहन विकेन्द्रीकरण पद्धति पञ्चायती व्यवस्थाको एक अभिन्न र आधारभूत पक्ष भएकोले पञ्चायत नीति तथा जाँचबुझ समितिमा स्थायी रूपले एक उच्चस्तरीय विकेन्द्रीकरण समिति गठन भै राखेको हुनु पर्दछ।

६. विकेन्द्रीकरणको क्षेत्र

प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको उद्देश्य प्राप्त गर्न यसका हरेक एकाईलाई सक्रिय, सुदृढ सबल तुल्याउन र नेपाली जनतामा सदाचार, आपसी समझदारीपूर्ण सम्भावनाद्वारा सामन्जस्य कायम गरी विकेन्द्रीकरणको प्रक्रियाद्वारा शासन व्यवस्था सञ्चालन गर्न भ्रमणको सिलसिलामा प्राप्त राय, अभिव्यक्तिको आधारमा पञ्चायतका विभिन्न एकाईहरूलाई निम्नबमोजिम अधिकार र कर्तव्य निर्धारण गर्नु पर्ने, कानून बमोजिम निर्धारित काम कर्तव्य, विना हस्तक्षेप सम्बन्धित पञ्चायत वा कर्मचारीले गर्न पाउने कानूनी अनिवार्यता हुनु पर्ने देखिन्छ।

राष्ट्रिय योजना आयोगले नेपाली जनताको आवश्यक न्यूनतम आवश्यकताहरूको निर्धारण गरिसकेकोले तमाम नेपाली जनताले यी निम्नतम आवश्यकताहरू पूर्ति गर्न पाओस भन्नाले हरेक वडा, गा.पं. जि.पं.ले यी आधारभूत आवश्यकताहरूको पूर्तिमा असर पार्न सक्ने खालका तथ्याङ्कहरू सङ्कलन गरी अभिलेख राख्नु पर्दछ, यसले अनावश्यक तवरले बसाई सर्ने प्रवृत्ति र आप्रवासलाई पनि दुरुत्साहन गर्न सँधै ध्यानमा राख्नु पर्दछ।

६.१ सामाजिक क्षेत्र

६.१.१ व्यक्तिको जन्म, विवाह तथा मृत्यु आदिसम्बन्धी दर्ता

(क) हरेक गाउँ पञ्चायतले आफ्नो पञ्चायत इलाका भित्र परेको, रहेको सबै परिवारमा भएको जन्म, विहावारी, मृत्यु, वैवाहिक सम्बन्ध तथा विच्छेद, अंश वण्डा भै परिवार छुट्टिएको लगत, सबूद तथा विश्वसनीय प्रमाणको आधारमा राख्नु पर्दछ।

यसबमोजिम हुन निम्नबमोजिम कानूनमा व्यवस्था हुनु जरुरी छ। विवाह दर्ता ऐन २०२८ को दफा ३ मा उल्लिखित विवाहवारी दर्ता अधिकारीमा नेपाल अधिराज्य भित्रको लागि हरेक जिल्ला पञ्चायतलाई तोकिनु पर्दछ।

(ख) बसाई सरी आएको वा गएको दर्ता गर्ने।

(ग) नेपालमा प्रवेश गर्ने कुनै पनि विदेशीलाई इज्जत, सम्मान सहयोग पुऱ्याउने उद्देश्यले सम्बन्धित जिल्ला प्रशासन वा जिल्ला प्रहरी कार्यालयलाई सो विदेशीले जिल्लामा प्रवेश गरेको बाटो, जिल्लाबाट बाहिर जाने बाटो र जिल्लामा रहने अवधि र निजको कामको उद्देश्य, क्षेत्र प्रकृति खुलाई एक परिचय पत्र उक्त विदेशीलाई जि.पं. मार्फत उपलब्ध गराउने छ।
जि.पं. तथा गा.प.ले यस्ता विदेशीको गतिविधि माथि पूरा निगरानी राख्ने छ।

नेपालको धर्म, परम्परा, व्यवस्था प्रतिकूल कुनै व्यवहार, आचरण वा कार्य गरेमा शिष्टतापूर्वक रोकी तुरुन्त त्यसको जानकारी सम्बन्धित जि.पं.ले प्रशासनिक कार्यालयलाई दिनेछ।

## परिशिष्ट – ३ (घ)

## विकेन्द्रीकरण उप समितिका सदस्य श्री गजराज शर्माद्वारा प्रस्तुत प्रतिवेदन

१. देशको विकास गतिमा तीव्रता ल्याउन स्थानीय साधनको अधिकतम परिचालन गर्न वान्छनीय भएकोले यसमा स्थानीय जनताको सामूहिक प्रयासबाट मात्र सम्भव हुने हुनाले यस उद्देश्य प्राप्तिको निम्ति गा.पं., न.पं. एवम् जि.पं.लाई नै योजनाको छनोट, निर्माण, कार्यान्वयन र निरीक्षण गर्ने अधिकारहरू दिनु पर्ने देखिन्छ।

२. विभिन्न ऐन नियमद्वारा स्थानीय पञ्चायतलाई प्रदत्त अधिकारहरू मध्ये कतिपय अधिकारहरू स्थानीय एवम् अञ्चल प्रशासनले पनि प्रयोग गरेको देखिएकोबाट एउटै अधिकार विभिन्न निकायद्वारा प्रयोग भएमा पनि विकास निर्माण काममा व्यवधान आउन सक्ने र प्रयोग गर्ने विधिमा पनि फरक पर्ने हुनाले कस कसको के के अधिकार हुनु स्पष्ट छुट्याई एउटै अधिकार विभिन्न निकायहरूबाट प्रयोग गर्न नपाउने व्यवस्था हुनु पर्दछ।

३. विभिन्न ऐन नियमहरूद्वारा प्र.जि.अ.लाई प्रदत्त अधिकारहरू मध्ये झै-झगडासम्बन्धी केही मुद्दाहरू हेर्ने अधिकार, अवैध तरीकाबाट रेडियो बन्दूक आदि राख्ने माथि कार्वाई गर्ने अधिकार सम्बन्धित जि.प.लाई पूर्ण रूपले प्रदान गर्ने र त्यस्ता मुद्दाबाट उठेका रकम स्थानीय पञ्चायत विकासमा लगाउने व्यवस्था हुनुपर्दछ।

४. हालको व्यवस्थाअनुसार गा.पं.सचिवको नियुक्ति सरुवा एवम् विभागीय कार्वाई आदि श्री ५ को सरकारद्वारा भएबाट सचिवहरू गा.पं.प्रति उत्तरदायी नभई स्था.वि.अधिकारीमुखी भएकोले गा.प.ले सचिवबाट सन्तोष जनक रूपमा काम लिन नसकेकोले सचिव गा.प.ले नियुक्ति गर्ने र निजको तलब योजना रकमबाट वा श्री ५ को सरकारले व्यहोर्ने व्यवस्था भए राम्रो हुनेछ।

५. प्र.जि.अ.लाई ऐनद्वारा प्रदत्त विकास निर्माणसम्बन्धी अधिकारको प्रयोग कतिपय ठाउँमा अनुचित देखिएको र पञ्चद्वारा आवश्यक सुझाव दिंदा पनि सोको व्यवस्था नहुने भएकोले प्र.जि.अ.द्वारा प्रयोग भएको विकास निर्माणसम्बन्धी अधिकार गलत र अनियमित भए नभएको हेर्ने अधिकार जि.पं.मा सुरक्षित हुनु पर्ने।

६. भैरहेको नियमअनुसार प्रशासन र आर्थिक अधिकार स्था.वि. अधिकारीमा सुरक्षित भएको र निजले उक्त अधिकारको प्रयोग गर्दा आफू भन्दा माथिको नीति निर्देशनको उपेक्षा गर्ने अर्कोतिर तथ्य काम नभए अन्य काममा बाधा पर्ने हुनाले हाल भै रहेको स्था.वि. अधिकारीको प्रशासनिक र आर्थिक अधिकारमा केही वृद्धि गरी उक्त सबै अधिकार जि.पं.लाई हुनुपर्ने।

७. कतिपय जिल्लामा शान्ति सुरक्षा र विभिन्न निहुँमा प्र.जि.अ.ले गिरफ्तारी र धुनछेक गर्ने गरेकोले उक्त गिरफ्तारी र धुनछेकमा विधि पुगेको छ, छैन हेर्ने अधिकार जि.पं.मा सुरक्षित हुनु पर्ने।

८. हाम्रो देशको संरचनामा भौगोलिक, आर्थिक एवम् सांस्कृतिक विविधता भएकोले केन्द्रबाट विकास निर्माणको निम्ति दिइने अनुदान एवम् अन्य सहयोग सबै जिल्लामा एकै मौसममा प्राप्त हुने तर उपरोक्त विविधताले गर्दा विकास निर्माण काम समयमा सञ्चालन एवम् सम्पन्न गर्न कठिन भएबाट जिल्लामा हुने कठिनाईलाई ध्यान दिनु जरुरी छ।

९. गाउँस्तरमा सञ्चालन हुने ज्यादै स-साना विकास आयोजनाको निम्ति पनि केन्द्र वा जिल्लाबाट नै निर्माण स्थलको छनोट लगत इस्टिमेट बजेट निरीक्षण आदि हुने जसले गर्दा निर्माण काम समयमा नै सम्पन्न हुन कठिन भएकोले प्राविधिक सीपको विकासको निम्ति गा.पं. सचिवलाई प्रशिक्षण दिलाई उक्त कामको सम्पूर्ण जिम्मा गा.पं. सचिवलाई प्रदान गर्ने।

१०. करीब ८० प्रतिशत जति निरक्षर भएको हाम्रो जस्तो देशमा अधिकांश पञ्चहरू त्यति शिक्षित नभएका र प्राप्त अधिकारहरू पनि कतै प्रयोग गर्न हिचकिचाउने र कतै समुचित ढङ्गमा प्रयोग नभएकोले एक व्यवस्थित ढङ्गको तालिम प्रशिक्षण खोली नियमित रूपले पञ्च कार्यकर्ताहरूलाई विविध विषयमा तालिम दिलाउने व्यवस्था हुनुपर्ने देखिन्छ।

११. पञ्चायत व्यवस्थासम्बन्धी जुनसुकै सभा सम्मेलन सेमिनार आदि सँधै नै जिल्लामा अञ्चलको सदर मुकाममा नै हुने देखिएकोले त्यस्ता सभा सम्मेलन तालिम सदर मुकाममा भन्दा गा.पं.मा भएमा व्यवस्थासम्बन्धी बढी जानकारी पञ्च कार्यकर्ताहरूलाई हुनुको साथै गाउँले जन जीवनमा पनि त्यसको प्रभाव केही हद मात्रामा पर्न जाने आशा लिन सकिन्छ।

१२. विकेन्द्रीकरणको सिद्धान्तअनुरूप गा.पं.लाई बढी मात्रामा सरीक गराउन विकासगत कार्यक्रमको आवश्यकता हुने हुनाले गा.पं.को क्षमतामा वृद्धि गर्न र आर्थिक स्रोतको अभिवृद्धि गर्न न्यायपूर्ण तरीकाले श्री ५ को सरकारको स्वीकृति लिएर गा.पं.को स्थिति हेरी कर लगाउन सक्ने अधिकार गा.पं.लाई हुनुपर्ने र उठेको करको ५०% जति रकम खर्च गर्ने अधिकार गा.पं.लाई हुनुपर्ने र अर्को ५०% रकम जि.पं. कोषमा जम्मा गर्ने व्यवस्था हुनु पर्ने।

१३. कुनै जिल्लाको निरीक्षण भ्रमणको सिलसिलामा प्रशासनिक र न्यायिक अधिकार पर्याप्त नभएकोले जि.पं. मूक दर्शक भएको पाइयो भने कुनै जिल्लामा भएको अधिकार नै प्रयोग गर्न नसकेको देखियो भने कुनै जिल्लामा के कस्ता अधिकार पञ्चायतमा निहित छ भन्ने सहित ज्ञात नभएकोले हाल भै रहेको र थप अधिकार सबै जिल्लालाई दिन उचित नदेखिएकोले कुनै जिल्ला स्थित कुन पञ्चायतलाई के के अधिकारहरू प्रदान गर्ने भन्ने विस्तृत सर्वेक्षण गरेर मात्र अधिकार तोकी दिने।

१४. कतिपय आयोजनाहरू श्री ५ को सरकारको अनुदान बाहेक अन्य निकायबाट जिल्ला एवम् गाउँ र नगर पञ्चायतमा सञ्चालन भएको र ती आयोजनाहरू अधुरै रूपमा हालसम्म रहेका र सो बारेमा विस्तृत जानकारी गा.प., जि.प.वा श्री ५ को सरकारको प्रशासनिक निकायसँग लिन खोज्दा आयोजना बारे केही ज्ञान नभएकोले चाहे जुनसुकै निकायबाट विकास निर्माणको काम गर्ने होस् सम्बन्धित जि.पं., गा.पं.को सर सल्लाह र सम्मति लिएर मात्र आयोजना सञ्चालन गर्ने परिपाटी बसाल्ने र उक्त आयोजनामा पञ्चायतहरूलाई पनि संलग्न गराउने ।

१५. जिल्लास्थित साझा संघ संस्था वेवारीसी कार्यालय जस्तै भएकोले साझालाई सक्रिय गराउन साझाले बिक्री वितरण गर्ने सम्पूर्ण सामग्रीहरू अन्य कुनै व्यापारीलाई बेचविखन गर्न प्रतिबन्ध लगाएमा उपभोक्ताले बढी फाइदा पाउने र साझामा काम गर्न प्रमुख (व्यवस्थापक) र अन्यलाई प्रशिक्षणको व्यवस्था हुनु पर्ने साथै कृषि विकास बैंक, सहकारी शाखा, भूमिसुधार कार्यालयलाई साझासम्बन्धी प्रशासनिक र अन्य सम्पूर्ण अधिकार सुम्पनु उचित हुनेछ ।

१६. हाम्रो जस्तो अल्प विकसित एवम् आयस्रोत कम भएको देशमा मितव्ययिताको सिद्धान्तलाई अङ्गीकार गर्नुपर्ने तथ्य निर्विवाद छ भने अर्कोतिर जिल्लामा एउटै प्रकृतिको कामको निम्ति विभिन्न कार्यालयहरूको स्थापना भएबाट एकातिर श्री ५ को सरकारलाई बढी आर्थिक भार सहनु परेको छ भने अर्कोतिर कर्मचारीहरूमा कामको बोझ र अधिकार कम भएबाट अनावश्यक वाद-विवाद र काममा निष्क्रिय हुने हुनाले यस्ता एउटै उद्देश्य निम्ति खडा भएको विभिन्न कार्यालयहरूलाई एकै कार्यालयमा गाभ्नु पर्ने । (जस्तै वनसम्बन्धी, भूमिसम्बन्धी)

१७ हालको नियमअनुसार प्र.जि.अ.लाई जिल्ला स्थित सबै कार्यालय प्रमुखहरूको विभागीय प्रमुखको रूपमा काम गर्नु पर्ने भएबाट कतिपय एकै समस्याहरूमा नीति निर्देशनहरू सम्बन्धित मन्त्रालयबाट बेग्लै किसिमको प्र.जि.अ.ले मन्त्रालयको आदेश भनि बेग्लै निर्देशन दिएबाट जिल्ला स्थित कार्यालय प्रमुखहरूलाई काम कार्वाई गर्न बाधा अड्चन पर्न गएबाट यदि प्र.जि.अ.लाई विभागीय प्रमुखको रूपमा जिल्लास्थित कार्यालय प्रमुखहरूले मान्नु पर्ने भए सम्पूर्ण नीति निर्देशन प्र.जि.अ.को हुनु पर्ने र सम्बन्धित मन्त्रालय वा विभागबाट खास परिस्थितिमा निर्देशन एवम् अन्य कार्वाई गर्नुपर्ने भए प्र.जि.अ.मार्फत हुनु राम्रो देखिन्छ ।

१८. केही वर्ष अघि केही जिल्लाहरूमा जग्गा विकास कर लागू भएको तर पञ्चायतलाई प्रशासनिक अधिकार पर्याप्त मात्रामा नभएबाट जति रकम असूल हुनु पर्ने हो सो भएको नदेखिएको साथै उठेको रकमको पनि हालसम्म समुचित प्रयोग नभै मौज्दात भएकोले पुनः जग्गा विकास कर खास खास जिल्लामा लागू गर्न गा.पं.लाई केही प्रशासनिक अधिकार दिई सो बाट प्राप्त केही रकम सम्बन्धित गाउँको विकास निर्माणमा लगाउने जिम्मा दिने र सो रकमको समुचित प्रयोग भए नभएको सम्बन्धित जि.पं. सदस्यलाई निरीक्षण गर्न कानूनी अधिकार दिने ।

१९. कतिपय जिल्लामा विकास निर्माणका काम प्राविधिक निर्माण सामग्री र बजेटको कारणले सञ्चालन हुन नसकेको र सञ्चालन भएपनि अधुरो रहेको देखिएकोले जिल्लास्तरमा विकास प्रक्रियालाई निर्वाध रूपले सञ्चालन गर्न सम्बन्धित निकायबाट प्राविधिक विकास निर्माणका सामग्रीहरू एवम् बजेटको समयमा नै व्यवस्था हुनु पर्ने र यी सबैको व्यवस्थाबाट पनि समयमा निर्माणको काम पूरा नभएमा दण्ड सजायको व्यवस्था हुनु पर्ने ।

२०. साना र मझौला खालका योजनाहरूको छनोट तर्जुमा एवम् सञ्चालन गर्ने अभिभारा स्थानीय पञ्चायतहरूलाई दिने प्राविधिक सहितको बाहिरबाट जुटाउनु पर्ने सामग्री बजेट समेत दिई योजना निर्माण स्थल पुर्‍याई जन आकाङ्क्षा प्रतिविम्बित गराउने ।

२१. जिल्लामा नीति निर्देशन चाँडो पुर्‍याउन र परिआएका समस्या तत्काल समाधन गर्ने उद्देश्यबाट स्थापित क्षेत्रीय निर्देशनालयहरू आवश्यक अधिकारको अभावमा बोधार्थ कार्यालयको काम भए गरेको पाइएबाट आवश्यक सुधार वान्छनीय देखिन्छ ।

२२. केन्द्र-क्षेत्र-जिल्ला तथा गाउँस्तरका कार्यालयहरू मध्ये जुन तहबाट आवश्यक नीति निर्देशन जिम्मेवारी कार्यमा ढीलासुस्ती गर्नेलाई उपयुक्त सजायको व्यवस्था हुनु पर्ने देखिन्छ। त्यस्ता प्रथम पटक रेकर्ड दोश्रो पटक सजाय तेश्रा पटक परे खोसुवा हुनुपर्छ।

२३. कृषि ऋण लगानीको आधारमा लक्ष्य प्राप्त गर्ने उद्देश्य राखिएतापनि वास्तविक किसानहरूले ऋणको उपयोग गर्न नपाएको अन्य प्रयोजनको लागि ऋण प्रयोग गर्न सक्ने टाठा बाठा नामधारी कृषकहरूले ऋण प्रयोग गरेको पाइन्छ, जसबाट ऋण असूली भएको पाइदैन भने सामाजिक ऋण कर्जाका क्षेत्रहरू शुष्क पाइन्छन् त्यसले ऋण लगानी गर्ने नियममा सामाजिक कर्जाको क्षेत्र प्रतिव्यक्ति कम राखिएपनि समुच्चा ऋण लगानीको माग बढी राखिनु पर्छ। ऋण लगानी गर्दा जे.टि.ए. र प्र.पं.को संयुक्त सिफारिश र जिम्मेवारीमा दिइनु पर्छ।

२४. जिल्लामा कोष तथा लेखानियन्त्रक कार्यालयको स्थापनाले बेरुजूको अङ्कमा कमी आउने भएतापनि योजनाहरूको लागि समयमै रकम उपलब्ध गराउने योजनाको रेखदेख गर्नेआदि अभावहरू यथावत नै रहन गएका छन्। मात्र बेरुजू हुन नदिनको लागि मात्र यो अड्डा खडा गरिनु भन्दा कुनै कार्यालयमा वरिष्ठ अडिटर राखिदिए पुग्ने देखिन्छ, त्यसैले यसको प्रभावकारिताको लागि वार्षिक कार्यक्रममा परेका योजना र बजेट रकमको सञ्चालन गर्ने पूर्ण दायित्व यस कार्यालयलाई वहन गराउन सक्षम बनाउन पर्छ।

२५. लागू गरिएका एकीकृत ग्रामीण विकास कार्यक्रम सम्बन्धमा जुन मित्र राष्ट्रबाट सहयोग प्राप्त हुन्छ, सल्लाहकार रहनु पर्ने भए केन्द्र मै बस्ने र जिल्लामा को-अर्डिनेटरको कार्यालय फांटको रूपमा जि.पं.वा अञ्चलाधीशको कार्यालयमा रही विशेषज्ञहरू सम्बन्धित कार्यालयमा गाभी दिएमा सर्वसाधारण जनतामा बाह्य देशीय प्रभाव पर्ने थिएन। राष्ट्रिय कार्यक्रममा एक रूपता आउने देखिन्छ, सो कार्यक्रमको आधारमा एकै काम गर्ने कार्यालयहरूलाई विशेष भत्ता दिएको पाइन्छ। कुनै सहगामी जस्तै कृषि सामग्री संस्थानलाई सवारी साधन वा भत्ताको व्यवस्था रहेनछ यस्तो गर्न व्यावहारिक हुँदैन जस्तो लाग्छ, भत्ता कामको आधारमा मात्र दिन उपयुक्त होला।

## परिशिष्ट - ४

## गाउँ पञ्चायतमा राखिनु पर्ने जानकारीको विवरण

गाउँ पञ्चायत : सङ्कलन/संशोधन मिति :
जिल्ला : गा.पं. सचिव :

१. **सामान्य विवरण**

१.१ **वर्तमान भू-उपयोग**

गाउँ पञ्चायतहरूको कूल क्षेत्रफल (रोपनी) :

कृषि भूमि : बन जङ्गल : चरन :

नङ्गा चट्टान, पहरा : हीन भूमि : अन्य :

२. **कृषि उपयोग**

२.१ **कूल कृषि भूमि**

खेत (सिंचाइ सुविधा भएको) : खेत (सिंचाइ सुविधा नभएको) :

पाखो (बारी) :

२.२ **भू-स्वामित्व**

| भू-स्वामित्वको किसिम | परिवार संख्या | जनसंख्या |
|---|---|---|
| भूमिहीन किसान | ................ | ................ |
| ५ रोपनी र सो भन्दा कमवाला | ................ | ................ |

६-१० रोपनीवाला .................. ..................
१०-२० रोपनीवाला .................. ..................
२० रोपनी भन्दा बढीवाला .................. ..................

जम्मा :

२.३ मोहीयानी लगत

| कुल मोही परिवार संख्या | मोहीया जग्गाको औषत क्षेत्रफल | जनसंख्या |
|---|---|---|
| .................. | .................. | .................. |

२.४ कृषि उत्पादकत्व:

| खाद्यान्न उपलब्धता | परिवारको प्रतिशत |
|---|---|
| वर्ष भरीलाई पुग्ने | .................. |
| १० महीनाको लागि पुग्ने | .................. |
| ८ महीनाको लागि पुग्ने | .................. |
| ६ महीनाको लागि पुग्ने | .................. |
| ६ महीनाको लागि पनि नपुग्ने | .................. |
| जम्मा : | १०० % |

२.५ उन्नत कृषि प्रविधिको उपयोग

खाद्यान्न उपलब्धता परिवारको प्रतिशत

| अनाज | कूल क्षेत्रफल | उन्नत कृषि प्रविधि उपयोग गर्ने कृषकहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | उन्नत बीउ | | रसायनिक मल | कीटनासक औषधी | |
| | | कृषक परिवार | क्षेत्रफल | कृषक परिवार | परिमाण | कृषक परिवार |
| धान | – | – | – | – | – | – |
| गहुं | – | – | – | – | – | – |
| मकै | – | – | – | – | – | – |

२.६ फलफूल खेती

| फलफूलको किसिम | क्षेत्रफल | रोपिएको बेर्ना संख्या: |
|---|---|---|
| स्याउ, आरु, सुन्तला, कागती, आंप, केरा - | .......... | .......... |

२.७ तरकारी खेती

| तरकारीको किसिम | तरकारी कृषक घर संख्या |
|---|---|
| खुर्सानी, प्याज, काउली, बन्दा कोपी, मूला, गोलभेंडा, कांक्रो, फर्सी, अन्य- | .......... |

२.८ कृषि ऋण

| ऋण पाउने कृषकहरू | ऋणको किसिम | बैंक वा साझा | | स्थानीय साहू/व्यापारी | |
|---|---|---|---|---|---|
| | | कृषक संख्या | औषत ऋण रकम (रु.) | कृषक संख्या | औषत ऋण रकम (रु.) |
| | कृषि ऋण | | | | |
| | साना उद्योग व्यवसाय ऋण | | | | |
| | पारिवारिक उपयोगको लागि | | | | |
| | अन्य | | | | |

२.९ पशुपालन

| वस्तुको किसिम | वस्तु संख्या | स्थानीय | उन्नत जातमा | प्रति घर परिवार औषत संख्या |
|---|---|---|---|---|
| सांढे, गाई, रांगो, भैंसी, | | | | |
| भेंडा, बाका, सुगुर, कुखुरा, हांस, | | | | |
| घोडा/खच्चर, अन्य | | | | |

२.९.१ पशु उत्पादकत्व :

| | प्रति गाई | प्रति भैंसी |
|---|---|---|
| दूध: परिमाण (मानामा) | .......... | .......... |
| फुल : प्रति कुखुरा प्रति महीनाको औसत | .......... | .......... |
| मासु : मासु खाने औसत दिन प्रति हप्ता | .......... | .......... |
| सम्पन्न परिवार | .......... | .......... |
| औसत परिवार | .......... | .......... |
| गरीब परिवार | .......... | .......... |
| ऊन : प्रति भेडाबाट उत्पन्न हुने ऊनको औसत तौल (के.जी.) | .......... | .......... |

२.९.२ पशु स्वास्थ्य :

पञ्चायत क्षेत्र भित्र प्रति वर्ष खोप दिइएका वस्तुहरूको औसत संख्या .......

| ...किसिम | खोप दिइएका वस्तुहरूको संख्या | |
|---|---|---|
| साँढे, गाई,रांगो, कुखुरा, अन्य– | .......... | .......... |

पञ्चायत क्षेत्रभित्र रोगको कारणबाट प्रतिवर्ष अस्वस्थ वा मर्ने वस्तुहरूको औसत संख्या...

| वस्तुको किसिम | रोगी/अस्वस्थ | मर्नेहरू |
|---|---|---|
| साँढे, गाई,रांगो/भैंसी, कुखुरा, अन्य– | .................. | .................. |

२.९.३ वस्तुहरूको अन्य उपयोग :

| वस्तुहरूको किसिम | बिक्री गर्न | बलि दिन | उपहार पठाउन | दुर्घटनाबाट मर्ने |
|---|---|---|---|---|
| साँढे, गाई,रांगो, बोका, कुखुरा, अन्य | | | | |

२.९.४ पशु आहार र चरन व्यवस्था :

| पशु आहारको उपलब्धि (% प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| वस्तुहरूको किसिम | चरनबाट | जङ्गलबाट | खेतबारीबाट | कृषकबाट |
| साँढे, गाई, भैंसी भेडा, बोका, सुगुर, कुखुरा, अन्य | | | | |

## २.१० बजार व्यवस्था

२.१०.१ सबभन्दा नजिकको बजार :

पञ्चायत क्षेत्र भित्र (नाम र दूरी).............

पञ्चायत क्षेत्र भन्दा बाहिर .....................

बजार स्थल पुग्ने यातायातको साधन .......

२.१०.२ प्रति वर्ष पञ्चायतबाट हुने निर्यातको परिमाण मूल्यमा..............

प्रतिवर्ष पञ्चायत भित्र आयात हुने परिमाण मूल्यमा ................

२.१०.३ गोदाम व्यवस्था :

पञ्चायत भित्र गोदाम रहेको स्थान (वडा नं. समेत) ........

गोदाम घरको क्षमता (मे.ट.) ..........

गोदाम घर निर्माण गर्ने व्यवस्था हुन लागेको भए कहाँ र कति क्षमता भएको .........

पञ्चायत क्षेत्र भन्दा बाहिरको गोदाम घरको प्रयोग गरी आएको छ भने त्यस्ता गोदाम घर रहेको पञ्चायत त्यसको क्षमता र दूरी ......

२.१०.४ सरकारी व्यवस्था :

| सरकारीको किसिम | संस्थानहरूको संख्या | सदस्य संख्या | चालू वा बन्द रहेको |
|---|---|---|---|
| ऋण | ........ | ........ | ........ |
| उत्पादन | ........ | ........ | ........ |
| बजार | ........ | ........ | ........ |
| अन्य | ........ | ........ | ........ |

३. **वन सम्पदा**

स्थानीय पञ्चायत क्षेत्रमा उपलब्ध रुख बिरुवाहरू :

रुख बिरुवाहरूको नाम        क्षेत्रफल (रोपनी)

१. ......... २ ............        ..........

पञ्चायत नर्सरी भए, नभएको ............

रहेछ भने, नर्सरी रहेको स्थान र क्षेत्रफल (रोपनी) .......

४. **जलस्रोत**

४.१ **पञ्चायत क्षेत्रका नदीनालाहरु**

| नदीनाला | उद्गमस्थल (वार्ड नं. सहित) | बाह्रमासे मौसमी | वर्तमान उपयोग : सिचाइ, पानीघट्ट |
|---|---|---|---|
| १ , २. | | | |

४.२ **इनार, मूल, पाधेरो**

| क्र.सं. | स्थान (वा.नं. सहित) | स्थायी अस्थायी | वर्तमान उपयोग | गा.पं.बाट दूरी |
|---|---|---|---|---|
| १.<br>२. | | | | |

४.३ **वार्षिक औषत वर्षा (मि.मि.................)**

४.४ **जल मापन केन्द्र भए, नभएको ...........**

४.५ **वर्तमान सिंचाइ कुलो**

| क्र.सं. | स्रोत (खोलाको नाम) | सिंचाइ सुविधा उपलब्ध गाउँहरू | सिंचित क्षेत्र (रोपनी) | कुलोको लम्बाइ (कि.मि.) |
|---|---|---|---|---|
| १. | | | | |

४.६ **पाइपद्वारा वितरित खानेपानी**

| क्र.सं. | खानेपानी योजना | पानीको स्रोत | पाइप लाईन | | धारा संख्या |
|---|---|---|---|---|---|
| | | | लम्बाइ | गोलाई | |
| १., २ | | | | | |

५. **शिक्षा सेवा**

५.१ **साक्षरता (६ वर्ष र सो भन्दा माथि)**

| | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| साक्षर (चिठ्ठी पत्र लेख्न र पढ्न जान्ने) | ......... | ......... | ......... |
| निरक्षर | ......... | ......... | ......... |
| जम्मा | ......... | ......... | ......... |

५.२ विद्यालय शिक्षा

| क्र.सं. | विद्यालयको नाम र स्थान | कक्षा ...देखि ... | विद्यार्थी | | शिक्षक | |
|---|---|---|---|---|---|---|
| | | | जम्मा | म.पु. | जम्मा | म.पु. |
| १. | | | | | | |

५.३ विद्यालय भर्ना

| | जम्मा | भर्ना भएको | विद्यालय छोडेको |
|---|---|---|---|
| ६-१५ वर्ष बीचका विद्यार्थी संख्या | ........ | ......... | ......... |

५.४ शिक्षक

पञ्चायत क्षेत्र भित्रका शिक्षक संख्या ........वाहिरवाट ...........जम्मा ........

तालिम प्राप्त शिक्षक संख्या ...........तालिम अप्राप्त ..........जम्मा ........

६. स्वास्थ्य सेवा

**६.१ पञ्चायत क्षेत्र भित्र रहेका स्वास्थ्य संस्था ..........**

स्वास्थ्य संस्था रहेको स्थान (वा.नं. सहित).........

डाक्टर संख्या ...........

अन्य कर्मचारीहरूको संख्या .........

स्वास्थ्य संस्था रहेको स्थानवाट आधा दिनको वाटो भित्र पर्ने गाउँ । वडाहरूको नामावली ...............

**७. औद्योगिक विवरण**

७.१ घरेलु उद्योगहरु

| क्र.सं. | पञ्चायत क्षेत्र भित्रका कुटीर घरेलु उद्योगहरू | उत्पादको अनुमानित मूल्य | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | परिसरमै उपयोग हुने | बिक्री (रु.) | |
| | | | | स्थानीय | वाहिर |
| १, २ | | | | | |

७.२ कच्चा पदार्थको उपलब्धि

| क्र.सं. | कच्चा पदार्थहरू | उपलब्धिको परिमाण अनुमानित मूल्यमा | | |
|---|---|---|---|---|
| | | जम्मा | स्थानीयस्तर | वाहिरवाट ल्याउने |
| १., २ | | | | |

७.३ खनीज धन

| क्र.सं. | खनीज धन | पाइने स्थान | वर्तमान उपयोग | उपलब्ध हुन सक्ने अनुमानित परिमाण |
|---|---|---|---|---|
| १. | घर बनाउने ढुङ्गा. | | | |
| २. | छाना बनाउने स्लेट | | | |
| ३. | भाँडा वर्तन बनाउन सक्ने माटो | | | |
| ४. | चून ढुङ्गा | | | |
| | अन्य -उल्लेख गर्ने । | | | |

८. जनसंख्या

८.१ गाउँ अनुसार जनसंख्या

| गाउँको नाम | जनसंख्या |
|---|---|
| १. ............... | ............... |

८.२ वडाअनुसार जनसंख्या

| क्र.सं. | वडा नं. | जनसंख्या | | | घर सख्या |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| १ | | | | | |
| जम्मा : | | | | | |

८.३ जनसंख्याको उमेरको वनोट

| क्र.सं. | उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १. | ५ वर्ष र सो भन्दा मुनि | | | |
| २. | ६-१५ वर्ष | | | |
| ३. | १६-४४ वर्ष | | | |
| ४. | ४५-५९ वर्ष | | | |
| ५. | ६० वर्ष र सो भन्दा माथि | | | |

८.४ गाउँ पञ्चायत क्षेत्रका जात-जाति र समुदायहरू

जात जाति .................. जन संख्या ......................

८.५ जनसंख्या नियन्त्रण

| क्र.सं. | | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १. | स्थायी परिवार नियोजन गर्नेहरूको संख्या | | | |
| २. | परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्नेहरू | | | |
| | जम्मा : | | | |

८.६ अनुपस्थित जनसंख्या (वर्षमा १ महिना देखि ६ महिना सम्म गा.पं. वाहिर बस्ने

| क्र.सं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १. | रोजगारीको लागि | | | |
| २. | बजार खरिदको लागि | | | |
| ३. | वस्तु चरनको लागि | | | |
| ४. | अन्य काममा | | | |

९. स्थानीय सामाजिक कार्यक्रम

९.१ महिला विकास कार्यक्रम

ग्रामीण महिलासंघ संस्थाको नाम ठेगाना सदस्य संख्या संघ संस्थाको गतिविधि

१ .......... .......... .......... ..........

२. .......... .......... .......... ..........

महिला सदस्य संख्या :

गाउँ पञ्चायतमा ................ गाउँसभामा ..................

९.२ युवा विकास कार्यक्रम

युवा क्लबको नाम र ठेगाना सदस्य संख्या क्लबको गतिविधि

१. .......... .......... ..........

२. .......... .......... ..........

१०. सञ्चार सेवा

१०.१ हुलाक अड्डा (स्तर र रहेको ठाउ समेत) : ................

पञ्चायत क्षेत्र भित्र नभए, नजिकको हुलाक –

(ठाउँको नाम र गा.प.बाट दूरी समेत) : ................